हाम्रो

नागरिक तथा नैतिक शिक्षा



कक्षा-सात

हाम्रो नागरिक तथा नैतिक शिक्षा

कक्षा ७

लेखक

ध्रुवप्रसाद भट्टराई
जनकराज भट्ट

प्रकाशक
नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर ।

प्रकाशकः
नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर ।

© सर्वाधिकार प्रकाशक र मुद्रकमा, २०६१

यस पाठ्यपुस्तकसम्बन्धी सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्र र मुद्रकमा निहित रहेको छ । लिखित स्वीकृतविना यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइनेछैन ।

प्रथम संस्करण	२०६१
परिमार्जित संस्करण	२०६३
पुनर्मुद्रण	२०६४
पुनर्मुद्रण	२०६५
पुनर्मुद्रण	२०६६
पुनर्मुद्रण	२०६७
पुनर्मुद्रण	२०६८

ISBN: 978-99933 -708 - 6 -x

मुद्रणः जनक शिक्षा सामग्री केन्द्र लिमिटेड,
सानोठिमी भक्तपुर ।

मूल्य रु : २१।७५

तपाईँको पुस्तकमा छपाइप्रविधिसम्बन्धी कुनै त्रुटि फेला परेमा उक्त पुस्तक जनक शिक्षा सामग्री केन्द्र लिमिटेड वा नजिकको साझा प्रकाशनबाट साट्न सक्नुहुनेछ ।

• जनक शिक्षा सामग्री केन्द्र लिमिटेड

पाठ्यपुस्तकसम्बन्धी पाठकहरूका कुनै पनि प्रकारका टिप्पणीहरू भएमा पाठ्यक्रम विकास केन्द्र, सम्पादन तथा प्रकाशन शाखामा पठाइदिनुहुन अनुरोध छ । पाठकहरूबाट आउने टिप्पणीहरूलाई यो केन्द्र स्वागत गर्दछ ।

हाम्रो भनाइ

शिक्षालाई व्यावहारिक जीवनमा समयसापेक्ष बनाई विद्यार्थीहरूमा राष्ट्रियता, राष्ट्रिय एकता, सार्वभौमिकता तथा लोकतान्त्रिक मान्यताअनुरूपको भावना विकास गराउने र इमानदारी एवम् नैतिकताजस्ता आधारभूत मानवीय गुणहरूको विकास गराई सामाजिक जीवनयापनका लागि आवश्यक ज्ञान र सीप हासिल गराउने उद्देश्यअनुसार विद्यालयस्तरका पाठ्यक्रम पाठ्यपुस्तकहरूको विकास गर्ने प्रक्रिया चालू रहिआएको छ ।

शिक्षाले समयानुकूल नयाँ मूल्य, मान्यता र आस्था एवम् नैतिकताको स्थापनामा विशेष भूमिका खेल्नु पर्ने हुन्छ । नैतिक मूल्य, मान्यता र आस्थालाई संवर्द्धन गरी बालबालिकाहरूमा उपयुक्त चारित्रिक विकास गर्ने उद्देश्यले निम्नमाध्यमिक तहमा नागरिक तथा नैतिक शिक्षा विषयको पठनपाठन गर्न यो पाठ्यपुस्तक तयार पारिएको हो । राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, नागरिक कर्तव्य र व्यवहारजस्ता नागरिक शिक्षाका साथै धर्म र धार्मिक सहिष्णुता, नैतिकता, सामाजिक मूल्य, मान्यताजस्ता प्रमुख विषय क्षेत्रमा आधारित रही यो पाठ्यपुस्तक निर्माण भएकाले विद्यार्थीहरूमा नागरिक चेतना, नैतिकता र सदाचारको विकास गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

पाठ्यपुस्तक शिक्षणसिकाइ प्रक्रियाको महत्त्वपूर्ण सहयोगी साधन हो । जिज्ञासु विद्यार्थी र अनुभवी शिक्षकले पाठ्यक्रमद्वारा लक्षित विषयवस्तुलाई विविध स्रोत र साधनको उपयोग गरी अध्ययन एवम् अध्यापन गर्न गराउन सक्छन् । विभिन्न कारणहरूले विद्यालयहरूमा सहायक पाठ्यसामग्री पर्याप्त उपलब्ध नहुँदा शिक्षणसिकाइ पाठ्यपुस्तकमाथि अत्यधिक रूपमा निर्भर रहेको देखिन्छ । प्रस्तुत पाठ्यपुस्तक सकेसम्म स्तरयुक्त बन्न सकोस् भनी प्रशस्त प्रयास गरिएका छन् तापनि यस पुस्तकलाई अझ स्तरयुक्त बनाउन सहयोगी हुने सुझावको यो केन्द्र सदाझैँ निरन्तर अपेक्षा गर्दछ । अन्त्यमा पाठ्यपुस्तक निर्माणमा सहयोग गर्नुहुने सम्बद्ध सबैमा धन्यवाद ज्ञापन गर्दछौँ ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर ।

कृतज्ञता

कक्षा ७ को हाम्रो नागरिक तथा नैतिक शिक्षा विषयको पाठ्यपुस्तकको विकास गर्नका लागि देहायका महानुभावहरूको विशेष योगदान रहेको छ :

सल्लाह

श्री हरिबोल खनाल

डा. माधव भट्टराई

प्रा.श्री केशवानन्द गिरी

प्रा.डा. पन्नाकाजी अमात्य

श्री शम्भुप्रसाद दाहाल

श्री चिन्तामणि योगी

श्री अम्बीर पाण्डे

विषयवस्तु सम्पादन

- श्री आनन्द पौडेल
- श्री सुनिल अधिकारी

भाषा सम्पादन

- श्री शम्भुप्रसाद दाहाल
- श्री विष्णुप्रसाद अधिकारी

चित्राङ्कन

- श्री टार्जन राई

डिजाइन तथा लेआउट

- श्री अनिलकुमार थापा

विषयसूची

विषयवस्तु		पृष्ठसङ्ख्या
एकाइ - १	**राष्ट्र र राष्ट्रियता**	१-८
पाठ -	एक : समाज र यसको आवश्यकता	१
पाठ -	दुई : असल सामाजिक व्यवहार	५
एकाइ - २	**संविधान र लोकतन्त्र**	९-२१
पाठ -	एक : मौलिक हक	९
पाठ -	दुई : कानुनी राज्य	१४
पाठ -	तीन : बालअधिकारका मूलभूत पक्ष	१७
एकाइ - ३	**नागरिक कर्तव्य र व्यवहार**	२२-३२
पाठ -	एक : समुदायप्रति हाम्रो कर्तव्य	२२
पाठ -	दुई : सामाजिक नियमको पालना	२६
पाठ -	तीन : अशक्तवर्गलाई सहयोग	२९
एकाइ - ४	**धर्म र धार्मिक सहिष्णुता**	३३-४१
पाठ -	एक : धर्मका साझा मूल्यमान्यता	३३
पाठ -	दुई : सादा जीवन उच्च विचार	३६
पाठ -	तीन : धर्मको महत्त्व	३९
एकाइ - ५	**नैतिकता**	४२-५०
पाठ -	एक : नैतिक गुण	४२
पाठ -	दुई : स्वस्थ दिनचर्या	४५
पाठ -	तीन : जस्तो काम उस्तै परिणाम	४८
एकाइ - ६	**सामाजिक मूल्य र मान्यता**	५१-६२
पाठ -	एक : सामाजिक मूल्य र मान्यताको महत्त्व	५१
पाठ -	दुई : सामाजिक दुराचरण त्यागौं	५५
पाठ -	तीन : हाम्रो कलाकौशलको महत्त्व	५९

एकाइ - १ राष्ट्र र राष्ट्रियता

पाठ एक समाज र यसको आवश्यकता

समाजको परिचय

हाम्रो पृथ्वी सबै प्राणीकों साझा घर हो । यहाँ असङ्ख्य जीवजन्तुहरू आआफ्नै समूहमा मिलेर बसेका देखिन्छन् । उदाहरणका लागि माहुरी, भेडा, कमिला र कागलाई लिन सकिन्छ । तिनीहरू आपसमा मिलेर खाने र बस्ने गर्दछन् । आफ्नो समूहको भलाइका लागि तिनीहरू सधैँ तत्पर हुन्छन् । तिनीहरूका लागि आआफ्नो समूह नै समाजका रूपमा रहेको मान्न सकिन्छ ।

हामीले आफ्ना टोलछिमेकमा हेर्‍यौँ भने मानवसमाजको राम्रो परिचय पाउन सक्छौँ । एउटा गाउँ वा वस्तीमा विभिन्न किसिमका परिवार हुन्छन् । ती सबै परिवार मिलेर बनेको सचेत समूहलाई नै समाज भनिन्छ । समाजमा एउटालाई केही काम पर्दा अर्काले सघाउँछ । कुनै घरमा बिहाबारी आदि सामाजिक काम आइपरेमा सबै गाउँले मिलेर सहयोग गर्दछन् । कुनै घरमा मानिस मरेमा पनि सबै मिलेर अन्त्येष्टिलगायतका काम सम्पन्न गराउँछन् । त्यसैले हाम्रो समाजमा टोलछिमेकका मानिसलाई 'जिउँदाको जन्ती र मर्दाको मलामी' भन्ने चलन छ ।

समाजको आवश्यकता

मानिसलाई जन्मेदेखि मृत्युपर्यन्त समाजको आवश्यकता पर्दछ । प्राचीन युनानी दार्शनिक अरस्तुले समाजबाट अलग भएर बस्ने मानिस कि त परमेश्वर कि त जङ्गली पशुमात्र हुन सक्छ भनेका थिए । तर हामीले कतिपय पशुलाई पनि समाजमै मिलेर बसेको देखेका छौँ । त्यसमाथि मानिस त स्वभावैले सामाजिक प्राणी मानिन्छ ।

मानिसलाई सर्वप्रथम बाँच्नका लागि खानेकुरा, शरीर ढाक्नका लागि कपडा र बस्नका लागि घरको जरुरत पर्दछ । एक्लो मानिसलाई ती आवश्यकता पूरा गर्न निकै कठिनाइ पर्छ । त्यस्ता आवश्यकता पूरा गर्न अन्न र कपास उत्पादन गर्ने किसानदेखि लिएर कपडा बुन्ने र सिलाउने व्यक्तिसम्मको सहयोग मानिसलाई चाहिन्छ ।

एक्लै बस्ने मानिसलाई चोरडाँकुदेखि लिएर जङ्गली जनावरबाट समेत बढी डर हुन्छ । समाजमा बस्ने मानिस मात्र तिनीहरूबाट बढी सुरक्षित रहन्छ । मानिसलाई आफ्ना आवश्यकता पूरा गर्न विभिन्न किसिमका कार्य गर्नुपर्ने हुन्छ । ऊ एक्लैले सबै काम गरेर आफ्ना आवश्यकता पूरा गर्न सक्दैन । यसका लागि उसलाई विभिन्न क्षेत्रमा दक्षता हासिल गरेका अनुभवी व्यक्तिको जरुरत पर्दछ । छरछिमेकको पनि सहयोग चाहिन्छ । कुनै रोगको उपचारका लागि अनुभवी डाक्टर चाहिन्छ भने कुनै मेसिनरी सामान मर्मत गर्न अनुभवी मिस्त्री चाहिन्छ । त्यसैगरी जीवनमा आइपर्ने विभिन्न

समस्याको समाधान गर्न मानिसलाई साथीभाइ, इष्टमित्र र छरछिमेकको पनि सहयोग चाहिन्छ। शिक्षाले मानिसलाई अज्ञानरूपी अन्धकारबाट ज्ञानरूपी उज्यालोतर्फ डोऱ्याउँछ। तर मानिसको एक्लो प्रयासले मात्र ज्ञानवर्द्धक, व्यावहारिक र जीवनोपयोगी शिक्षा प्राप्त गर्न सक्दैन। समाजमा विभिन्न क्षेत्रको ज्ञान र अनुभव प्राप्त गरेका शिक्षित व्यक्तिहरू हुन्छन्। समाजका त्यस्ता व्यक्तिको सम्पर्क र सहयोगबाट नै एउटा मानिस सभ्य र शिक्षित हुन सक्छ।

समाजबाट अलग रहेर बस्ने मानिसको जीवन नीरस, एकाङ्गी र असुविधाजनक हुन्छ। तर समाजमा रहँदा चाहिँ उसले विभिन्न किसिमले मनोरञ्जन प्राप्त गर्न सक्छ। रेडियो, टेलिभिजन, टेलिफोन, मोटरगाडीजस्ता साधनले गर्दा मानिसको जीवन निकै आरामदायी हुँदै गएको छ। त्यस्तै साहित्य, सङ्गीत, कला, खेलकुदजस्ता क्षेत्रको पनि निकै विकास भएको छ। मानिसले समाजमा रहेर मात्र त्यस्ता क्षेत्रबाट मनोरञ्जन प्राप्त गर्न सक्छ। समाजका मानिसहरू मिलेर बेलाबेलामा विभिन्न चाडपर्व, जात्रा आदि सांस्कृतिक कार्यक्रमहरूको आयोजना गर्दछन्। त्यस्ता उत्सवहरूमा आफन्तहरू भेटघाट गर्ने, राम्रो लगाउने, मीठो खाने र नाचगान गर्ने गरिन्छ।

आज मानिसले विभिन्न क्षेत्रमा जेजति प्रगति गरेको छ त्यो सबै उसको सामाजिक भावनाले गर्दा भएको हो। समाजबाट अलग रहेर बस्ने मानिसलाई कुनै किसिमको प्रगति गर्नुपर्ने आवश्यकता नै पर्दैन। आज मानिसले ज्ञानविज्ञानका क्षेत्रमा निकै प्रगति गरेको छ। यसरी प्रगति गर्ने प्रमुख कारण मानिसको सामाजिक भावना नै हो। समाजलाई केही गरेर देखाऊँ भन्ने भावनाले मानिसले प्रगति गरेको हो। त्यसैले मानिसलाई आफ्ना विभिन्न आवश्यकता पूरा गरी सुखसुविधासँग जीवन बिताउनका लागि समाजको आवश्यकता पर्दछ।

सामाजिक कार्यमा सहभागिता

मानिसले आफ्नो टोलछिमेक वा समाजको हितका लागि कुनै कार्य गर्दछ भने त्यसलाई सामाजिक कार्य भनिन्छ। आफ्नो वरिपरिको वातावरण स्वच्छ र सफा राख्नु, बाटोघाटो निर्माण गर्नु, परिआएका बेलामा अर्कालाई सक्दो सहयोग गर्नु, समाजका दुःखी गरिबको सेवा गर्नुजस्ता कुराहरू सामाजिक कार्यअन्तर्गत पर्दछन्। हाम्रा प्राचीन मानवतावादी शास्त्रहरूमा सामाजिक कार्यलाई

मानवको सबैभन्दा ठूलो धर्म बताइएको छ । बुद्धिमान् मानिसले महिला, बालक, रोगी र साधुजनजस्ता व्यक्तिको सेवा गर्ने अवसर चुकाउनु हुन्न भन्ने कुरा नीतिकारले बताएका छन् । पूर्वीय दर्शनमा कसैप्रति क्रोध नगर्नु, सत्य बोल्नु, धनलाई बाँडेर उपभोग गर्नु, क्षमाशील हुनु, हृदयदेखि नै पवित्र रहनु, कसैप्रति द्रोह नगर्नु, सरल भाव राख्नुजस्ता कुराहरूलाई मानिसको कर्तव्यका रूपमा लिने गरिएको छ । त्यसैगरी विभिन्न नीतिशास्त्रहरूले अर्काको उपकार गरेरै सबैभन्दा बढी पुण्य मिल्छ भनेर मानिसलाई सामाजिक कार्यतर्फ प्रेरित गरेको पाइन्छ । त्यसैले हामीले हरेक सामाजिक कार्यमा रुचि राख्नुपर्दछ । समाजमा परिआएका काम गर्न सधैं अग्रसर पनि हुनुपर्दछ । समाजका सबै सदस्य मिलेर प्रयास गरेमा अत्यन्त कठिन कार्यहरू पनि सफलताका साथ सम्पन्न गर्न सकिन्छ । हामीले हरतरहबाट आफ्नो समाजको उन्नति गर्ने प्रयास गर्नुपर्दछ ।

सामाजिक कर्तव्य र अधिकार

कर्तव्य र अधिकार एक आपसमा गाँसिएका हुन्छन् । कर्तव्य नगरी अधिकार प्राप्त हुँदैन । समाजप्रति पनि व्यक्तिले निर्वाह गर्नुपर्ने विभिन्न कर्तव्य हुन्छन् । व्यक्तिले आफ्नो निजी स्वार्थ त्यागेर सच्चा हृदयले समाजको विकास गर्ने प्रयासमा लाग्नुपर्दछ । समाजमा रहेका अन्धविश्वास, कुरीति र कुसंस्कार हटाउनुपर्छ । असल शिक्षाको विकासले समाजमा रहेका हरेक खराबीको अन्त्य गर्न सकिन्छ । हामी शिक्षाको विकास गरेर आफ्नो समाजलाई सभ्य, सुसंस्कृत र विकसित तुल्याउन सक्छौं । विकसित समाजमा मात्र जनताका सामाजिक अधिकार निश्चित हुन्छन् । व्यक्तिले समाजबाट विभिन्न अधिकार प्राप्त गर्नसक्छ । संविधानले जनतालाई समानताको हक, स्वतन्त्रताको हक, धर्म र संस्कृतिसम्बन्धी हक, शोषणविरुद्धको हक इत्यादि विभिन्न प्रकारका हक र अधिकार प्रदान गर्दछ । संविधानमा लेखिएका त्यस्ता अधिकार सभ्य र विकसित समाजमा मात्र राम्रोसँग उपभोग गर्न पाइन्छ । समाजको सहयोग भएन भने त्यस्ता अधिकार कागजमा मात्र सीमित र हन्छन् । हामीले आफ्नो समाजको विकास गरेर सामाजिक अधिकारको रक्षा गर्नुपर्छ ।

समाज भनेको विभिन्न जाति, भाषा, धर्म, संस्कृति र परम्पराको संरक्षण र विकास गर्ने क्षेत्र हो । हामीले आफ्नो परम्परा र संस्कृतिको जगेर्ना गर्नका लागि पनि समाजको विकास गर्नुपर्छ । मानिसलाई आफ्नो जातिगत र भाषागत पहिचान कायम गर्न पनि समाज नै चाहिन्छ । समाजको माध्यमबाट सिङ्गो मानवसभ्यता र संस्कृतिलाई माथि उठाउन सकिने हुनाले हामीले सधैं आफ्नो समाजप्रति वफादार रहेर काम गर्नुपर्दछ ।

शब्दार्थ

अन्त्येष्टि = मर्नेबित्तिकै गरिने संस्कार
युनानी = युनान अर्थात् ग्रिस देशसँग सम्बन्धित
दार्शनिक = विचारक
ज्ञानवर्द्धक = ज्ञान बढाउने खालको
एकाङ्गी = एकोहोरो, एकसुरे
मानवतावादी = मानवको हितमा विश्वास गर्ने
सुसंस्कृत = शिक्षादीक्षा, नैतिक मर्यादा, सत्सङ्ग आदि पाएर सुसभ्य भएको

क्रियाकलाप

१. **तिम्रो टोलछिमेकमा कम्तीमा पाँचजना मानिससँग समाजको आवश्यकता पर्नुका कारणहरू सोधी त्यसको विवरण तयार पारेर कक्षामा प्रस्तुत गर ।**

२. **"हाम्रो समाजमा विद्यमान खराबीहरू हटाई असल समाज निर्माण गरौँ" भन्ने शीर्षकमा शिक्षकको सहयोग लिएर कक्षामा वक्तृत्वकला प्रतियोगिताको आयोजना गर ।**

अभ्यास

१. **निम्नलिखित भनाइहरू ठीक भए (√) चिह्न र बेठीक भए (X) चिह्न देऊ :**
   (क) हाम्रो पृथ्वी सम्पूर्ण प्राणीहरूको साझा घर हो ।
   (ख) अरस्तुको भनाइअनुसार समाजमा मिलेर बस्ने मानिस कि त परमेश्वर कि त जङ्गली पशु हुन सक्छ ।
   (ग) मानिसले सबै काम एक्लै गर्न सक्ने भएकाले उसलाई समाजको आवश्यकता पर्न गएको हो ।
   (घ) शिक्षाले मानिसलाई अज्ञानरूपी अन्धकारबाट ज्ञानरूपी उज्यालोतर्फ डोऱ्याउँछ ।
   (ङ) मानिसलाई जातिगत र भाषागत पहिचान कायम गर्न समाज नभई हुँदैन ।

२. **आ-आफ्ना समूहमा मिलेर बस्ने पाँचपाँच किसिमका जनावर र चराचुरुङ्गीको छुट्टाछुट्टै सूचीतयार पारी प्रस्तुत गर ।**

३. **टोलछिमेकका मानिसलाई 'जिउँदाको जन्ती र मर्दाको मलामी' किन भनिएको हो ? यसको कारण खुलाउँदै एक अनुच्छेद लेख ।**

४. **आफ्नो टोलछिमेकको अवस्थाअनुसार तिमी र तिम्रो परिवारका लागि कुनकुन कारणले समाजको आवश्यकता पर्दछ ? बुँदागत रूपमा प्रस्तुत गर ।**

५. **आफ्नो समाजको रहनसहनको परिचय दिँदै तिम्रो कुनै विदेशी साथीलाई लेख्ने चिठीको नमुना तयार पार ।**

सिर्जनात्मक अभ्यास

तिम्रो समाजमा विद्यमान कमीकमजोरीहरूको सूची तयार पारी तिनमा सुधार गर्न केके गर्नुपर्ला ? छोटकरीमा लेख ।

पाठ दुई असल सामाजिक व्यवहार

बहिनी : हामीले समाजमा कस्तो व्यवहार गर्दा राम्रो हुन्छ ? बताइदिनुहोस् न दाजु !

दाजु : बहिनी, तिमीले ज्यादै राम्रो र व्यावहारिक कुरा सोध्यौ । मानव सभ्यताको मूल आधार भनेकै समाज हो । हामीले सर्वप्रथम समाजको विकास गर्नेतर्फ जोड दिनुपर्दछ । समाजका सदस्यहरूले राम्रो व्यवहार गरेमा त्यो समाज विकसित हुन्छ । त्यसको विपरीत जुन समाजका सदस्यहरूको आपसी व्यवहार राम्रो हुँदैन त्यो समाज अधोगतितिर लाग्छ । त्यसैले हामीले समाजमा राम्रो व्यवहार प्रदर्शन गरेर आफ्नो समाजलाई सुदृढ र विकसित तुल्याउनुपर्दछ ।

बहिनी : समाजप्रति गरिने राम्रो व्यवहार भन्नाले के बुझिन्छ ? त्यो पनि बताइदिनुहोस् न !

दाजु : सामाजिक व्यवहारका बारेमा बुझ्नुभन्दा अघि समाजको अवस्थाबारे बुझ्नुपर्दछ । उदाहरणका लागि हाम्रो नेपाली समाजलाई लिन सकिन्छ । हाम्रो समाजमा विभिन्न जाति, भाषा, धर्म र संस्कृति अँगालेका मानिसहरू बसोबास गर्दछन् । त्यसैले हाम्रो देशलाई चार वर्ण छत्तीस जातको फूलबारी भनिन्छ । त्यसमध्ये हामी पनि कुनै न कुनै जाति, भाषा, धर्म, संस्कृतिजस्ता कुराहरूसँग गासिएका छौँ । हामीले आफ्नो भाषा, धर्म र संस्कृतिमात्र ठूलो हो भन्ने भावना राख्नुहुँदैन । अन्य जाति र तिनीहरूको भाषा, धर्म, संस्कृतिप्रति पनि उचित आदरसम्मान प्रकट गर्नुपर्दछ । परम्परागत रूपमा विभाजित हुँदै आएको तल्लो जात र माथिल्लो जात भनेर भेदभाव गर्नुहुँदैन । छुवाछुत प्रथाको पनि अन्त्य गर्नुपर्दछ । राष्ट्रकवि माधवप्रसाद घिमिरेले भनेका छन् :

ईश्वरको छोरो मान्छेको भाइ मान्छेले छुँदैन ।
यो भन्दा ठूलो निर्घिनी पाप संसारमा हुँदैन ।



बहिनी : ए, त्यसो भए समाजका सबै वर्गप्रति समान व्यवहार गर्नु र अरूको सम्मान गर्नु नै असल सामाजिक व्यवहार रहेछ, हो त दाजु ?

दाजु : हो बहिनी, तिमीले ठीक भन्यौ ।

बहिनी : अनि आजभोलि समानता भन्ने कुरा निकै प्रचलनमा आएको छ नि ! त्यसबारे पनि केही बताइदिनुहोस् न !



दाजु : महिला र पुरुषबीच भेदभाव नगरी दुवैप्रति समान व्यवहार गर्नुपर्दछ । कतिपय समाजमा एउटै काम गर्दा पनि पुरुषलाई भन्दा महिलालाई कम पारिश्रमिक दिइन्छ । हाम्रो समाजका पनि पुरुषले भन्दा महिलाले बढी काम गर्नुपर्ने अवस्था छ । आज पनि विभिन्न ठाउँका महिलाहरू शोषित एवम् पीडित अवस्थामा रहनुपरेको छ । त्यसैगरी छोरालाई राम्रोसँग पालनपोषण गर्ने र शिक्षादीक्षा दिने गरिन्छ भने छोरीलाई त्यस्ता अवसरबाट वञ्चित गर्ने चलन पनि कतिपय समाजमा विद्यमान छ । यस्तो भेदभाव हटाउनुपर्छ ।

बहिनी : महिला वर्गप्रति गरिने त्यस्तो भेदभाव कसरी अन्त्य गर्न सकिन्छ त दाजु ?

दाजु : महिलाप्रति भेदभाव गर्नु ठूलो अपराध हो भन्ने कुरा तिमीलाई थाहै होला । हाम्रो संविधानमा महिला र पुरुषबीच भेदभाव गर्न नपाइने कुरा लेखिएको छ । उचित अवसर पाएमा महिलाले पनि पुरुषभन्दा राम्रो काम गर्न सक्छन् । महिला र पुरुष समाजरूपी रथका दुई पाङ्ग्रा हुन् । दुवैको सक्रियताविना समाज चल्न सक्दैन । जहाँ महिलाको शोषण गरिन्छ र जहाँ महिलाप्रति भेदभाव हुन्छ त्यो समाज कहिल्यै माथि उठ्न सक्दैन । त्यसैले हामीले दुवैप्रति समान व्यवहार गर्नुका साथै कतिपय ठाउँमा विशेष प्रोत्साहन दिएर महिलावर्गलाई अघि बढाउनुपर्दछ । समान व्यवहार, विशेष प्रोत्साहन, कामको समान बाँडफाँड, सामाजिक काममा सहभागिता जस्ता कामबाट पनि महिला वर्गको उन्नति हुन्छ । यसबाट समाजको सन्तुलित विकास हुन्छ ।

बहिनी : ए त्यसै भएर होला हाम्रो नेपाली पढाउने गुरुले संस्कृतको एउटा श्लोक सुनाउनुभएको थियो:

यद्गृहे रमते नारी लक्ष्मीस्तद्गृहवासिनी ।
देवता: कोटिशो वत्स न त्यजन्ति गृहं हि तत् ॥

जुन घरमा नारी रमाउँछिन् त्यहाँ लक्ष्मीको वास हुन्छ । करोडौँ देवता त्यस्तो घरलाई नछोडी बसिरहन्छन् ।

दाजु : बहिनी तिमीले एकदम राम्रो कुरा सिकेकी रहिछ्यौ । अब तिमीले समानताका बारेमा केही थप कुरा पनि जान्नुपर्छ । हामीलाई प्रकृतिबाट समान रूपमा प्रकाश, तापक्रम, वायुजस्ता कुराहरू प्राप्त हुन्छन् । त्यसमा प्रकृतिले कुनै भेदभाव गर्दैन । प्रकृतिले सबै मानिसलाई बराबर मानेको छ । यसरी प्रकृतिले समानता दिँदादिँदै मानिस आफैँले सानो जात ठूलो जात, पानी चल्ने जात, नचल्ने जातजस्ता कुराहरू ल्याएर भेदभाव गर्न थालेको हो । यही कुराको पुष्टि गर्दै फ्रान्सका विचारक रुसोले मानिस स्वतन्त्र जन्मन्छ, तर ऊ चारैतिर जन्जिरले जकडिएको हुन्छ (Man is born free, but everywhere he is in chains) भनेका छन् । हामीले त्यस्ता जन्जिरबाट मानिसलाई मुक्त गरेर समानता र स्वतन्त्रतापूर्वक बाँच्न सक्ने बनाउनुपर्दछ ।

बहिनी : त्यसो भए प्राकृतिक रूपले नै समानता पाएका मानिसहरूबीचमा आपसी भेदभाव हुनुहुँदैन भन्ने कुरा गर्नुभएको हो त ?

दाजु : हो, मानिसहरूबीचमा आपसी भेदभाव हुनु प्राकृतिक नियमको विपरीत हुन जान्छ । राम्रो चरित्र प्रदर्शनबाट नै मानिस उच्च र आदरणीय हुन्छ, जातले हुँदैन भन्ने कुरा हामीले बुझ्नुपर्दछ । हामीले जाति, धर्म, वर्ण, लिङ्गजस्ता कुराहरूका आधारमा भेदभाव गर्ने कुप्रथा हटाउने प्रयास गर्नुपर्छ । मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा सम्पूर्ण मानवजातिमा समानता हुनुपर्ने कुरा लेखिएको छ । हामीले त्यसैअनुसार व्यवहार गरेमा हाम्रो समाज निकै सुदृढ, सुसंस्कृत र विकसित हुनेछ ।

बहिनी : आहा ! मैले आज दाजुबाट ज्यादै राम्रो कुरा सिकेँ । अब म घरपरिवार र समाजमा सधैँ त्यस्तै व्यवहार गर्नेछु र अरूलाई पनि त्यस्तै व्यवहार गर्न सल्लाह दिन्छु ।

शब्दार्थ

अधोगति = पतन, अवनति
निर्घिनी = घिन नमान्ने, तुच्छ
पीडित = दुःख पाएको, सताइएको
जन्जिर = साङ्लो

क्रियाकलाप

१. तिमी बसोबास गर्ने समाजको परिचय दिँदै त्यसलाई तिमी कसरी सुदृढ र विकसित तुल्याउन चाहन्छौ ? लेखी कक्षामा प्रस्तुत गर ।

२. कक्षाका सबै विद्यार्थीहरू मिली कसैले कसैलाई पनि जातीय र सामाजिक भेदभाव नगर्ने सामूहिक प्रतिज्ञा गर ।

अभ्यास

१. **निम्नलिखित प्रश्नहरूको छोटो उत्तर देऊः**

(क) समाज कसरी विकसित हुन्छ ? कुनै दुई उपाय लेख ।

(ख) हाम्रो समाजमा कस्ता मानिसहरू बसोबास गर्दछन् ?

(ग) समाजमा मेलमिलाप बढाउन के गर्नुपर्छ ?

(घ) महिला र पुरुषबीच समानता भनेको के हो ?

(ङ) कस्तो समाज माथि उठ्न सक्दैन ?

२. **"मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन" भन्ने भनाइको पुष्टि गर्दै एक अनुच्छेद लेख ।**

३. **"हाम्रो देश चार वर्ण छत्तीस जातको फूलबारी हो" भन्ने भनाइको मूल मर्म के हो ? स्पष्ट पार ।**

४. **असल सामाजिक व्यवहारभित्र कुनकुन कुराहरू पर्दछन् ? बुँदागत रूपमा प्रस्तुत गर ।**

५. **"जातीय भेदभाव अन्त्य गरौँ" भन्ने विषयमा एउटा गीत लेखर कक्षामा सुनाऊ ।**

सिर्जनात्मक अभ्यास

"महिला र पुरुष एक रथका दुई पाङ्ग्रा हुन्" भन्ने शीर्षकमा दुई साथीबीच भएको संवाद तयार पार ।

सारांश

एकाइ एकमा तिमीले निम्नलिखित कुराहरू सिक्यौः

- समाजको परिचय दिन,
- समाजको आवश्यकता पर्नुका कारणहरू बताउन,
- सामाजिक कार्यमा सहभागी हुन,
- सामाजिक कर्तव्य र अधिकारको पालना गर्न,
- समाजलाई सुदृढ र विकसित पार्ने उपाय अपनाउन,
- समाजका सबै वर्गप्रति आदर-सम्मान प्रकट गर्न र भेदभावको अन्त्य गर्न,
- सामाजिक समानताअनुरूप व्यवहार गर्न ।

एकाइ - २ **संविधान र लोकतन्त्र**

पाठ एक **मौलिक हक**

मौलिक हकको परिचय

मानिसलाई सम्मानजनक ढङ्गले बाँच्न र आफ्नो व्यक्तित्वको विकास गर्नका लागि विभिन्न किसिमका हकको आवश्यकता पर्दछ । उसलाई त्यस्ता हकहरू उसको परिवार, समाज र राज्यबाट प्राप्त हुन्छन् । विशेषगरी व्यक्तिलाई राज्यबाट प्राप्त हुने हकहरू अत्यन्त महत्त्वपूर्ण हुन्छन् । सबै राज्यमा जनताले आफ्नो मुख्यमुख्य हकहरू उपभोग गर्न पाएका हुँदैनन् । लोकतान्त्रिक देशमा मात्र जनताका हकहरू सुनिश्चित हुन्छन् । लोकतन्त्रमा जनताको इच्छाको कदर हुने भएकाले त्यस्ता देशमा मात्र जनताले वास्तविक रूपमा आफ्ना हकहरू उपभोग गर्न पाउँछन् ।

मानिसले विभिन्न किसिमका हक पाएका हुन्छन् । त्यस्ता सबै हकलाई मौलिक हक भनिँदैन । राज्यको संविधानमा लेखिएका जनताका आधारभूत हकलाई नै मौलिक हक भनिन्छ । संविधानमा लेखिएका कुराहरू ज्यादै महत्त्वपूर्ण हुन्छन् । संविधान अर्थात् देशको मूल कानुनमा लेखिएका जनताका मूलभूत हक भन्ने अर्थमा त्यसलाई मौलिक हक भनिएको हो । अतः कुनै पनि लोकतान्त्रिक देशको संविधानले त्यस देशका नागरिकलाई प्रदान गरेका मूलभूत हकलाई नै मौलिक हक वा मौलिक अधिकार (Fundamental Rights) भन्ने बुझ्नुपर्छ ।

सन् १८४५ मा दोस्रो विश्वयुद्ध समाप्त भएपछि संसारभर मानवअधिकारको संरक्षण हुनुपर्छ भन्ने आवाज उठ्यो । यसै आधारमा संयुक्त राष्ट्र संघले सन् १९४८ मा मानवअधिकारको विश्वव्यापी घोषणापत्र पारित गऱ्यो । त्यस घोषणापत्रमा सबै मानिसलाई आफ्नो जीवन रक्षा गर्ने, सम्पत्ति आर्जन गर्ने, लेखपढ गर्ने, संघसंस्था खोल्ने, जुलुस निकाल्ने, भाषण गर्ने, चुनावमा उम्मेदवार हुने, मत खसाल्ने, आफूले चाहेको धर्म मान्ने जस्ता अधिकारको व्यवस्था गरिएको थियो । त्यसपछि संसारका विभिन्न देशले आआफ्नो संविधानमा नै ती अधिकारको व्यवस्था गरेर मानवअधिकारको सम्मान गर्दै आइरहेको देखिन्छ । संसारका सबै जनतामा स्वतन्त्रता, समानता र भ्रातृत्वको सन्देश फैलाउनु मानवअधिकारको प्रमुख उद्देश्य हो ।

नागरिकका मौलिक हक

हरेक नागरिकले स्वतन्त्र रूपमा सुखी एवम् समुन्नत जीवन यापन गर्न पाउनुपर्छ । एउटा मानव भएर जिउन पाउनुपर्छ । आफ्नो जीवनलाई प्रतिस्पर्धी एवम् विश्वपरिवेशअनुरूप परिष्कृत गर्दै जानुपर्दछ । यसको लागि विभिन्न प्रकारका हकहरूको व्यवस्था संविधानले गर्दछ । संविधानले प्रदान गरेका नागरिकका आधारभूत हकहरूलाई मौलिक हकको रूपमा व्याख्या गर्ने गरिन्छ । केही मौलिक हकहरू तल उल्लेख गरिएका छन् :

(१) **समानताको हक–** नेपालमा विभिन्न धर्म मान्ने विभिन्न जातजाति र वर्णका मानिसहरू बसोबास गर्दछन् । संविधानले धर्म, वर्ण, लिङ्ग, जातजातिजस्ता कुराका आधारमा कसैप्रति पनि भेदभाव गर्न नहुने कुरालाई ज्ञान दिने गर्दछ । कानुनका दृष्टिमा सबै नागरिक समान हुने कुरालाई व्यवस्थित गर्दछ । सबैलाई समानता दिएर मात्र पुग्दैन, महिला, बालक, वृद्ध, अशक्त, अपाङ्गता भएका जस्ता व्यक्तिलाई विशेष संरक्षण पनि प्रदान गर्नुपर्छ भन्ने पक्षलाई पनि संविधानले व्यवस्थित गर्दछ । यी सबै व्यवस्थाले समानतालाई प्रवर्द्धन गर्ने भएकाले यिनीहरूलाई समानताको हकको रूपमा लिइन्छ ।

(२) **स्वतन्त्रताको हक–** सबै नागरिकलाई व्यक्तिगत स्वतन्त्रता हुन्छ । हरेक नागरिकलाई बाँच्न पाउने, आफ्नो विचार प्रकट गर्ने र विनाहातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता हुन्छ । यस अतिरिक्त संघसंस्था खोल्ने र देशभर आवतजावत एवम् बसोबास गर्ने स्वतन्त्रतासमेत सबै नागरिकलाई प्राप्त हुनुपर्दछ । संविधानले नागरिकलाई आफूले चाहेअनुसारको पेसा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता पनि दिने गर्दछ । यसरी संविधानले राज्यका नागरिकलाई आफ्नो जिउधनको रक्षाका साथै व्यक्तित्वको विकास गर्ने पूरापूर अवसर प्रदान गर्ने पक्षहरूलाई स्वतन्त्रताको हकका रूपमा सम्बोधन गर्ने गरिन्छ ।

(३) **सूचनासम्बन्धी हक–** कुनै कुराको जानकारी पाउने हकलाई सूचनासम्बन्धी हक भनिन्छ । संविधानले प्रत्येक नागरिकलाई सार्वजनिक महत्त्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकलाई सूचनासम्बन्धी हकका रूपमा व्याख्या गर्ने गरिन्छ ।

(४) **छापाखाना र पत्रपत्रिकासम्बन्धी हक–** पत्रपत्रिकाका माध्यमद्वारा जनताको विचार व्यक्त गर्न र देशमा परिवर्तन पनि ल्याउन सकिन्छ । नागरिकलाई पत्रपत्रिका वा अन्य पाठ्यसामग्री प्रकाशित गर्ने र छापाखाना सञ्चालन गर्ने हक दिइने व्यवस्था नै छापाखाना र पत्रपत्रिकासम्बन्धी हकका रूपमा रहने गर्दछ ।

(५) **सम्पत्तिको हक–** संविधानले हरेक नागरिकलाई कानुनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोगचलन गर्ने र बेचबिखन गर्ने हक दिइने गर्दछ । कानुनविपरीत व्यक्तिगत सम्पत्ति जफत गर्न नपाइने व्यवस्था पनि संविधानले गर्ने गर्दछ ।

(६) **धर्म, संस्कृति र शिक्षासम्बन्धी हक–** संविधानले प्रत्येक नागरिकलाई आफ्नो परम्परादेखि चलिआएको धर्म मान्ने हक दिने गर्दछ । नागरिकलाई आफ्नो भाषा, लिपि तथा संस्कृतिको

संरक्षण र विकास गर्ने हक पनि दिइएको हुन्छ । त्यसैगरी देशमा वसोवास गर्ने सबै नागरिकलाई निर्बाध रूपमा शिक्षा प्राप्त गर्न पाउने अधिकारको पनि सुनिश्चितता संविधानले गर्ने गर्दछ । बसोबास गर्ने प्रत्येक समुदायले आफ्ना बालबालिकालाई प्राथमिक तहसम्म आफ्नै मातृभाषामा शिक्षा दिने गरी विद्यालय सञ्चालन गर्न पाउने अधिकार पनि संविधानले नै व्यवस्थित गर्ने गर्दछ ।

(७) **शोषण विरुद्धको हक** – संविधानले मानिसलाई बेचबिखन गर्न, बाँधा बनाउन वा मानिसको इच्छाविरुद्ध काम गराउन निषेध गरेको हुन्छ । यसलाई शोषणविरुद्धको हक भनिन्छ । त्यसैगरी फौजदारी अपराध गर्ने व्यक्तिलाई पनि कानुनले तोकेभन्दा बढी सजाय दिन नहुने कुरा संविधानले व्यवस्थित गर्दछ । साथै कानुनको अगाडि सबै समान हुने, सबैले समान कानुनी उपचार पाउने जस्ता विषयहरूको पनि संविधानले व्यवस्था गर्ने गर्दछ ।

(८) **संवैधानिक उपचारको हक**– कहिलेकाहीँ विभिन्न ठाउँबाट जनताका हक खोसिन सक्दछन् । त्यसैले जनताले संविधानमा लेखिएका हक पाएनन् भने सोझै सर्वोच्च अदालतमा जान पाउने हक पनि संविधानमा हुन्छ । त्यसपछि अदालतले विभिन्न आदेश जारी गरेर जनताका मौलिक हकको संरक्षण गर्दछ । यसलाई संवैधानिक उपचारको हक भनिन्छ । यो हकले संविधानमा लेखिएका सबै नागरिक हकको संरक्षण गर्ने हुनाले यसलाई 'हकहरूको पनि हक' भन्ने चलन छ ।

हाम्रो देशमा हालै जारी भएको अन्तरिम संविधान २०६३ ले पनि उल्लिखित हकहरूका अतिरिक्त निम्नानुसारका मौलिक हकहरूको व्यवस्था गरेको छ -

(क) छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक

(ख) वातावरण तथा स्वास्थ्यसम्बन्धी हक

(ग) रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी हक

(घ) महिलाको हक

(ङ) बालबालिकाको हक आदि ।

मौलिक हकको सीमा

राज्य वा समाजबाट व्यक्तिलाई प्राप्त सबै हकहरू निर्बाध रूपमा सधैँ उपभोग गर्न पाइँदैन । हामीले आफ्नो हकको प्रयोग गर्दा अरूलाई बाधा नपरोस् भन्नेतर्फ विचार पुऱ्याउनुपर्छ । समाज र राज्यकै व्यवस्था बिथोलिने गरी अधिकारको प्रयोग गर्ने छुट कसैलाई पनि हुँदैन । उदाहरणका लागि बोल्ने स्वतन्त्रता भए पनि जथाभावी बोलेर अर्काको गाली बेइज्जती गर्ने छुट भने हामीलाई हुँदैन ।

मौलिक हक भन्ने कुरा व्यक्ति, समाज र राज्य सबै पक्षको हितका लागि प्रयोग हुनुपर्छ। यही कारणले कुनै व्यक्तिले आफ्नो मौलिक हकको प्रयोग गर्ने नाममा अन्य व्यक्ति, समाज र राज्यको अहित गर्न नसकोस् भन्नेतर्फ विचार पुऱ्याइएको हुन्छ। त्यसैअनुसार कतिपय मौलिक हकको प्रयोग गर्दा सार्वजनिक हितका लागि केही कुराहरूको बन्देज लगाइएको हुन्छ।

कर्तव्य र अधिकारको सम्बन्ध

हक वा अधिकार पाउनका लागि व्यक्तिले केही कर्तव्य पालन गर्नुपर्दछ। कर्तव्यविना अधिकारको कुरा गर्नु निरर्थक हुन्छ। शिक्षा प्राप्त गर्नु जनताको अधिकार हो भने शिक्षित भई शिक्षालाई व्यवहारमा उतार्नु तिनीहरूको कर्तव्य हो। हामीले समानताको अधिकार खोज्दा अरूप्रति समानताको व्यवहार गर्नुपर्ने कर्तव्य बिर्सनु हुँदैन। त्यसैले कर्तव्य र अधिकार एक अर्काका परिपूरक हुन्।

नागरिक कर्तव्य र अधिकारका बारेमा प्राचीन दार्शनिकहरूले पनि महत्त्वपूर्ण विचार प्रकट गरेका छन्। मनुले राज्यलाई जनताको कल्याण गर्ने सबैभन्दा उपयोगी संस्था मानेका छन्। राज्य नभएमा बलियाले कमजोरमाथि थिचोमिचो गर्दछ। त्यसैले राज्यका सम्पूर्ण नागरिकमा न्याय र समानताको हक दिलाउन नै राज्यको निर्माण गरिएको कुरा मनुले बताएका छन्। कौटिल्यले नागरिकको रक्षा गर्नु राज्यको काम हो भने राज्यको काममा सहयोग गर्नु नागरिकको कर्तव्य हो भन्ने कुरा बताएका छन्। विभिन्न प्राचीन शास्त्रहरूमा जनताको सर्वोत्तम हित नै राज्यको एकमात्र लक्ष्य हो भन्ने भनाइ पाइन्छ।

आधुनिक युग उदारता र लोकतन्त्रको युग हो। आजको युगमा हामीले आफ्नो अधिकार प्राप्त गर्न र त्यसको सदुपयोग गर्नका लागि सधैँ सचेत रहनुपर्दछ। हरेक ठाउँबाट आफूले पाउने अधिकार उपभोग गर्नुपर्दछ। यसका साथै हामीले आफ्नो कर्तव्यलाई पनि भुल्नुहुँदैन। जति राम्रोसँग आफ्नो कर्तव्य पालन गर्न सक्यो त्यति नै बढी अधिकार हामीलाई प्राप्त हुन्छ। हामीले कर्तव्य पालनामा जोड दिएर मात्र अधिकार खोज्ने गर्नुपर्दछ।

शब्दार्थ

सम्मानजनक	=	इज्जतसाथ
भ्रातृत्व	=	दाजुभाइमा रहने आत्मीयता
मनु	=	प्राचीन हिन्दु आचारशास्त्र मनुस्मृतिका रचनाकार
कौटिल्य	=	इसापूर्व तृतीय शताब्दीका मानिने अर्थशास्त्रका रचयिता, चाणक्य

क्रियाकलाप

१. कर्तव्य र अधिकार एक अर्काका परिपूरक हुन्' भन्ने शीर्षकमा कक्षाका विद्यार्थीहरू समूहगत रूपमा विभाजित भएर छलफल गरी त्यसबाट निस्केको निष्कर्ष टोलीनेतामार्फत कक्षामा प्रस्तुत गर।

अभ्यास

१. **निम्नलिखित प्रश्नहरूको छोटो उत्तर देऊ :**

(क) मौलिक हकको परिचय देऊ ।

(ख) सार्वजनिक महत्त्वको विषय भनेको के हो ? अर्थ लेख ।

(ग) पत्रकारितालाई किन राज्यको महत्त्वपूर्ण अङ्ग भनिएको हो ? कारण देऊ ।

(घ) मौलिक हकको सीमाबारे स्पष्ट पार ।

(ङ) कौटिल्यले कुनकुन कुरालाई राज्य र नागरिकका कर्तव्य बताएका छन् ? लेख ।

२. **मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा लेखिएका केही अधिकारहरू यस पाठमा उल्लिखित छन् । तीमध्ये तिमीलाई बढी महत्त्वपूर्ण लाग्ने अधिकारहरू क्रमैसँग मिलाएर लेख ।**

३. **'हकहरूको पनि हक' भनेको के हो ? स्पष्ट पार ।**

४. **मौलिक हकमा कुनै पनि बन्देज नलगाउँदा समाज र राज्यमा कस्ता समस्या आउन सक्छन् ? बुँदागत रूपमा प्रस्तुत गर ।**

५. **तिमीले आफ्नो घर र विद्यालयमा पालन गर्नुपर्ने कर्तव्यहरू केके छन् ? छुट्टाछुट्टै तालिका बनाई देखाऊ ।**

सिर्जनात्मक अभ्यास

मौलिक हकलाई व्यवहारमा उतार्ने उपायहरू खोजी कक्षामा प्रस्तुत गर ।

पाठ दुई

कानुनी राज्य

कुनै पनि संघसंस्था वा राज्यलाई व्यवस्थित तरिकाले सञ्चालन गर्नका लागि बनाइएका नियमहरूलाई कानुन भनिन्छ । व्यक्तिले गर्न हुने र नहुने विभिन्न कुराहरू पनि कानुनमा लेखिएका हुन्छन् । कानुनको पालना, सम्मान र संरक्षण गर्नाले व्यक्ति, समाज र राज्य सबैको कल्याण हुन्छ । हाल संसारमा विभिन्न शासनप्रणाली अँगालेका राज्यहरू छन् । त्यस्ता सबै राज्यहरू पूर्णतया कानुनकै आधारमा चलेका नहुन पनि सक्छन् । जुन राज्य कानुनका आधारमा चलाइएको हुन्छ त्यस्तो राज्यलाई मात्र कानुनी राज्य भनिन्छ ।

कानुनी राज्यमा नियमकानुनभन्दा बाहिर गएर कुनै पनि काम गरिँदैन । कानुनमा जेजस्तो व्यवस्था गरिएको छ त्यसैअनुसार शासन चलाइन्छ । राज्य सञ्चालनको काम शासकवर्गको इच्छाअनुसार नभएर कानुनले तोकेअनुसार गरिन्छ । त्यसैले कानुनी राज्यमा व्यक्तिको होइन विधिको शासन वा कानुनको शासन (Rule of law) हुन्छ । त्यस्तो शासनव्यवस्थालाई कानुनी राज पनि भनिन्छ । आजभोलि संसारका सबैजसो शासकहरू आफ्नो राज्य कानुनकै आधारमा सञ्चालन भइरहेको दाबी गर्दछन् । तर त्यस्ता सबै राज्यमा साँचो अर्थमा कानुनी राज भएको प्रमाणित हुँदैन । कानुनी राज हुनका लागि जनचाहनाअनुसार शासन गरिएको हुनुपर्छ । जनचाहनाको कदर प्रजातान्त्रिक शासनव्यवस्था अँगालेका मुलुकहरूमा मात्र हुन्छ । विद्वान्हरूले कानुनी शासनका लागि निम्नलिखित कुराहरू आवश्यक हुने बताएका छन् :

(१) **कानुनको सर्वोच्चता:** कानुनी राजमा कानुनलाई सर्वोच्च स्थानमा राखिएको हुन्छ । कानुनभन्दा माथि कुनै पनि व्यक्ति रहँदैन । कुनै व्यक्तिले कानुनविपरीत काम गरेमा अदालतबाट प्रमाणित भएपछि मात्र सजाय पाउँछ । यसरी कानुनी राजमा कानुन नै सर्वेसर्वा र शक्तिशाली हुने हुँदा कानुनभन्दा बाहिर गएर काम गर्ने छुट कसैलाई पनि हुँदैन ।

(२) **कानुनी समानता:** कानुनले धनी, गरिब, ठूलो, सानो, बलियो, निर्धो इत्यादि आधारमा कसैप्रति पनि भेदभाव गर्दैन । कानुनका अगाडि सबै बराबर हुन्छन् । त्यसैगरी सबै व्यक्तिका लागि समान कानुन लागू हुन्छ । त्यसैले कानुनी राजमा कानुनी समानता रहेको पाइन्छ ।

(३) **कानुनी विषयमा न्यायपालिकाको प्रमुख भूमिका:** कानुनी राजमा कुनै कानुन अस्पष्ट भएमा यसलाई स्पष्ट पार्ने काम अदालतले गर्दछ । यसलाई कानुनको व्याख्या गर्ने अधिकार भनिन्छ । न्यायपालिकाले जनताका मैलिक हकको संरक्षणमा समेत विशेष सहयोग पुऱ्याउँछ । कानुनी राजमा जनतालाई न्याय दिने काममा न्यायपालिकाको प्रमुख भूमिका रहन्छ ।

कानुनको शासन तथा न्यायप्रणालीका बारेमा प्राचीन पूर्वीय दर्शनशास्त्रहरूमा निकै राम्रोसँग व्याख्या गरिएको पाइन्छ । त्यहाँ शासकले नियमपूर्वक राज्य गर्नुपर्ने, जनताको कल्याण गर्नुपर्ने र जनतालाई न्याय दिनुपर्ने कुरालाई जोड दिइएको छ । कानुनका दृष्टिमा सबै बराबर हुन्छन् भन्ने धारणा कौटिल्यको रहेको छ । साधारण व्यक्ति र ठूलो पदमा रहेको व्यक्तिले उस्तै अपराध गरे पनि ठूलो पदमा रहेको व्यक्तिलाई बढी सजाय दिनुपर्ने कुरा याज्ञवल्क्यले बताएका छन् । नेपालमा प्राचीनकालदेखि नै कानुनको प्रधानतालाई महत्त्व दिईंदै आएको पाइन्छ तापनि लिखित कानुनलाई प्राथमिकता दिएर राज्य सञ्चालन गर्ने परिपाटी २००७ सालमा लोकतन्त्र प्राप्त भएपछि प्रारम्भ भएको हो ।

कानुनी राज्यको अवधारणाले कानुनका आधारमा शासन गर्ने र जनतालाई समान रूपमा न्याय दिने कुरालाई जोड दिन्छ । त्यसैगरी लोककल्याणकारी राज्यव्यवस्था सञ्चालन गर्ने जनताको जीवन सुखी र सम्पन्न तुल्याउन, समाजमा आपसी सहयोगको भावना बढाउन र जनताको जिउधन र स्वतन्त्रताको संरक्षण हुन्छ । यसरी लोककल्याणकारी राज्यव्यवस्थामा हरतरहले जनताको भलाइ हुने काम गरिन्छ । न्यायसम्बन्धी काम गर्नका लागि स्वतन्त्र र सक्षम न्यायपालिकाको पनि व्यवस्था हुन्छ ।

कानुनी राज आजको सभ्य समाजमा संसारका सबै राज्यका लागि आवश्यक कुरा हो । यसले जनताका हकहित र स्वतन्त्रताको संरक्षण गर्न सहयोग गर्छ । यसले कसैलाई पनि मनोमानीपूर्वक काम गर्ने छुट दिंदैन । न्यायपूर्ण समाजको निर्माण गरी मानव सभ्यतालाई उच्च र गौरवमय बनाउन कानुनी राजले मद्दत गर्दछ ।

शब्दार्थ

व्यवस्थित	=	व्यवस्था मिलेको, यथास्थान र यथाक्रममा रहेको
शासनप्रणाली	=	राज्यसञ्चालन गर्ने पद्धति
कानुनी राज	=	कानुनका आधारमा चल्ने शासनव्यवस्था
जनचाहना	=	जनताको इच्छा
सर्वोच्चता	=	सबैभन्दा उच्च हुनाको भाव, सबैभन्दा माथिल्लो अवस्था
सर्वेसर्वा	=	कुनै विषय वा कामकुरासित सम्बन्धित सबै किसिमको सर्वोच्च अधिकार पाएको
अवधारणा	=	कुनै विषयप्रति विचारपूर्वक गरिने निश्चय
लोककल्याणकारी	=	जनताको कल्याण गर्ने
न्यायपूर्ण	=	सुहाउँदो वा उचित कुराले पूर्ण
गौरवमय	=	गौरव वा महिमाले युक्त

क्रियाकलाप

१. कक्षाका सबै विद्यार्थी तीन समूहमा विभाजित भई प्रत्येक समूहबाट एकएकओटा गरी कानुनी राजका जम्मा तीनओटा फाइदा बुँदागत रूपमा प्रस्तुत गर ।

अभ्यास

१. कोष्ठकबाट सबैभन्दा उपयुक्त शब्द छानी खाली ठाउँ भर :

(क) कानुनको ..... गर्नाले व्यक्ति, समाज र राज्य सबैको कल्याण हुन्छ । (उल्लङ्घन/पालन/संशोधन)

(ख) कानुनी राजमा .....चाहनाको कदर हुन्छ । (जनताको/शासकको/विदेशीको)

(ग) कानुनी शासनका लागि ..... आवश्यक पर्दछ ।

(कानुनी समानता/ कानुनको उल्लङ्घन/दण्डहीनता)

२. कानुनी राज भनेको के हो ? स्पष्ट पार ।

३. कस्तो शासनव्यवस्था अँगालेका मुलुकमा कानुनी राज रहेको हुन्छ ? कारणसहित उल्लेख गर ।

४ लोककल्याणकारी राज्यव्यवस्था भन्नाले के बुझिन्छ ? स्पष्ट पार ।

५. 'जनहितका लागि कानुनी राज्य आवश्यक पर्छ ।' यो भनाइलाई पुष्टि गर ।

६. कानुनी राज्यका लागि न्यायपालिकाको भूमिका किन महत्त्वपूर्ण मानिन्छ ? तर्क प्रस्तुत गर ।

सिर्जनात्मक अभ्यास

कानुनको सम्मान, पालना र संरक्षण गर्नुपर्छ भन्ने कुरा बुझाउँदै आफ्नो भाइलाई लेख्ने चिठीको नमुना तयार पार ।

पाठ तीन

बालअधिकारका मूलभूत पक्ष

सामान्यतया सोह्र वर्ष पूरा गरेपछि मानिसले विभिन्न जिम्मेवारी वहन गर्न सक्छ । त्योभन्दा कम उमेरका मानिसहरू शारीरिक र मानसिक रूपले विकसित भइसकेका मानिँदैनन् । त्यसैले सोह्र वर्षभन्दा कम उमेरका मानिसलाई नाबालिग वा बालबालिका भन्ने गरिन्छ ।

बालबालिकाहरू कुनै घरपरिवार, समाज र राष्ट्रको मात्र नभएर सम्पूर्ण विश्वकै भविष्य हुन् । उनीहरू आफैँ आफ्नो स्याहारसुसार र व्यक्तित्वको विकास गर्न सक्दैनन् । सबै बालबालिकाहरू एकैनासका पनि हुँदैनन् । विशेषगरी अनाथ, अशक्त, अपाङ्ग रोगी, घरपरिवारबाट हेला गरिएका र सुस्त मनस्थितिका बालबालिकाहरूको अवस्था अत्यन्त दयनीय हुन्छ । कतिपय सम्पन्न परिवारका बालबालिकाहरूले पनि आमाबाबुको उचित स्याहारसुसार र मायाममता पाएका हुँदैनन् । त्यसैले विभिन्न बालबालिकाका आआफ्नै समस्याहरू हुन्छन् । उनीहरूलाई खानेकुरा, कपडा र आवासका साथै शिक्षा, स्वास्थ्य, खेलकुद, मनोरञ्जन, मायाममता इत्यादि आवश्यक पर्दछ । यसरी बालबालिकाको व्यक्तित्वको विकासका लागि आवश्यक पर्ने सम्पूर्ण कुराहरूलाई नै बालअधिकार भनिन्छ । उनीहरूलाई त्यस्ता अधिकार उपलब्ध गराउनु व्यक्ति, समाज र राज्य सबैको दायित्व हो ।

बालबालिकाहरू विभिन्न अवस्थाबाट पीडित हुन सक्छन् । युद्धबाट उनीहरूलाई सबैभन्दा बढी मार पर्न जान्छ । पहिलो र दोस्रो विश्वयुद्धबाट असङ्ख्य बालबालिकाहरू अनाथ, अपाङ्ग र भोकानाङ्गा हुनपुगेका थिए । त्यसैगरी अन्य लडाइँ, झगडा र विद्रोहको मारमा पनि लाखौँ बालबालिकाहरू पर्दै आइरहेका छन् । भोक, रोग, अशिक्षा र गरिबीबाट पनि कैयौँ बालबालिकाहरू सताइएका छन् । कतिपय बालबालिकाहरू सामाजिक कुरीति र अन्धविश्वासको सिकार पनि भएका छन् । उनीहरूलाई त्यस्तो अवस्थाबाट छुटकारा दिलाउनु आजको सभ्य समाजको प्रमुख दायित्व हो । हरेक बालबालिकालाई बाँच्ने र आफ्नो विकास गर्ने अवसर दिलाउनु नै साँचो अर्थमा बालअधिकार मानिन्छ ।

बालअधिकारको संरक्षणका लागि विभिन्न क्षेत्रबाट प्रयासहरू हुँदै आएका छन् । यसै सन्दर्भमा सन् १९८९ नोभेम्बर १० मा संयुक्त राष्ट्रसंघबाट बालअधिकार महासन्धि पारित गरिएको हो । विश्वभरका बालबालिकाको हकहितको संरक्षणका लागि यो महासन्धि अति महत्त्वपूर्ण मानिन्छ । यस महासन्धिमा बालअधिकारलाई निम्नानुसार चार भागमा विभाजन गरिएको छ :

(१) बाँच्न पाउने अधिकार

बाँच्न पाउनु हरेक बालबालिकाको जन्मसिद्ध अधिकार हो । यसका लागि सबै पक्षबाट उचित व्यवस्था गरिनुपर्दछ । गर्भावस्थादेखि नै संरक्षित रहनु र सुरक्षित रूपमा जन्मन पाउनु एउटा शिशुको महत्त्वपूर्ण अधिकार मानिन्छ । त्यसपछि उसलाई बाँच्नका लागि आवश्यक खाना, आवास र कपडा उपलब्ध हुनुपर्दछ । त्यसैगरी विभिन्न रोगबाट बच्नका लागि उसले पोलियो र डी.पी.टी. जस्ता खोपहरू लगाउन पाउनुपर्दछ ।

(२) बालविकासको अधिकार

बालबालिकाले शारीरिक तथा मानसिक विकास गर्न पाउने व्यवस्थालाई बालविकासको अधिकार भनिन्छ । यसै आधारमा उनीहरूले शिक्षा, स्वास्थ्योपचार, खेलकुद, व्यायाम, मनोरञ्जन, घरपरिवारबाट मायाममता र समाजबाट सहयोग पाउनुपर्दछ ।

(३) बालसंरक्षणको अधिकार

बालबालिकाले विभिन्न जोखिमपूर्ण काम र खराब परिस्थितिबाट सुरक्षित रहन पाउने अवस्थालाई बालसंरक्षणको अधिकार भनिन्छ । हरेक बालबालिकाले भेदभाव, शोषण, अपहेलना, उत्पीडन आदि दुर्व्यवहारबाट छुटकारा पाउनुपर्दछ । उनीहरूलाई लागू पदार्थको दुर्व्यसन र देहव्यापारमा लगाउन पाइँदैन । उनीहरूलाई मृत्युदण्ड र आजीवन कारावास जस्तो कठोर सजाय पनि दिन पाइँदैन । बालबालिकालाई युद्ध र अन्य जोखिमपूर्ण कामबाट समेत टाढै राख्नुपर्दछ ।

(४) बालसहभागिताको अधिकार

बालबालिकाले आफ्नो व्यक्तित्वको विकासका लागि विभिन्न क्रियाकलाप गर्न पाउने अधिकारलाई बालसहभागिताको अधिकार भनिन्छ । यसै अनुसार उनीहरूले आफ्नो विचार व्यक्त गर्न पाउनुपर्दछ । उनीहरूले धार्मिक, सामाजिक, सांस्कृतिक तथा अन्य विभिन्न गतिविधिमा विना भेदभाव सहभागी हुन पाउनुपर्दछ । उनीहरूलाई संघसंस्था खोल्न र आफ्नो हकहितका कुराहरू प्रकाशन गर्नसमेत दिनुपर्दछ । हरेक बालबालिकालाई उमेर र क्षमताअनुसार आफ्नो विकास गर्ने विभिन्न हकहरू दिनुपर्दछ ।

बालअधिकार महासन्धिलाई विश्वका सबैजसो देशहरूले समर्थन गरिसकेका छन् । समर्थन गर्ने राष्ट्रहरूका लागि यो महासन्धि अन्तर्राष्ट्रिय कानुनको रूपमा रहन्छ । त्यसैले यस महासन्धिमा लेखिएका कुराहरू लागू गर्नु त्यस्ता सबै राष्ट्रहरूको कानुनी दायित्व हुन्छ ।

पूर्वीय दर्शनमा बालअधिकार

प्राचीन शास्त्रहरूले बालबालिकालाई ईश्वरकै रूप मानेका छन् । पञ्चतन्त्र र हितोपदेश जस्ता प्राचीन पुस्तकहरूमा बालबालिकालाई निकै आकर्षक ढङ्गले उपयोगी शिक्षा दिन सकिने व्यवस्था गरिएको छ । बालबालिकालाई उचित शिक्षादीक्षा दिनाले पछि गएर कुलको इज्जत बढ्छ भनी चाणक्यनीतिमा लेखिएको छ । त्यसैगरी बालबच्चालाई खेलौना दिएर, फकाएर भोजन गराउनाले ठूलो पुण्य मिल्छ भनिएको छ । बालअधिकारको सम्मान गर्दै त्यहाँ भनिएको छः

बालानां प्रार्थितं दत्वा नाकलोके महीयते ।

अर्थात् बालबालिकाले मागेको कुरा दिने व्यक्ति मरेपछि स्वर्ग जान पाउँछ ।

नेपालको कानुन र बालअधिकार

नेपालले सन् १९९० मा बालअधिकार महासन्धि अनुमोदन गरेको हो । त्यसैले यस महासन्धिमा भएका सबै बुँदाहरू हाम्रो देशमा कानुनसरह नै लागू हुन्छन । नेपालका कानुनले पनि बालअधिकारको संरक्षणका साथै उनीहरूलाई गाह्रो वा खतरापूर्ण काममा लगाउन नपाइने व्यवस्था गरेको छ । बालबालिकाको हकहितको संरक्षणका लागि नेपालमा बालबालिकासम्बन्धी ऐन २०४८ लागू गरिएको छ । यस ऐनमा लेखिएका मुख्य कुराहरू निम्नानुसार छन् :

१. हरेक बालबालिकाको नाम राख्ने र जन्मदर्ता गर्नुपर्ने,
२. छोरा, छोरी, धर्मपुत्र वा धर्मपुत्रीजस्ता आधारमा उनीहरूप्रति भेदभाव गर्न नहुने,
३. बालबालिकालाई घरपरिवारले स्याहारसुसार, स्वास्थ्योपचार र शिक्षादीक्षाको व्यवस्था गर्नुपर्ने,
४. बालबालिकाप्रति क्रुर र यातनापूर्ण व्यवहार गर्न नपाइने,
५. देवीदेवताका नाममा बालबालिकालाई चढाउन र माग्ने काममा लगाउन नहुने ,
६. लागू पदार्थको कारोवार र अन्य अनैतिक पेसामा बालबालिकालाई लगाउन नपाइने,
७. चौध वर्ष नपुगेका बालबालिकालाई श्रमिकका रूपमा काममा लगाउन नहुने,
८. बेवारिसे बालबालिकालाई राख्न बालकल्याणगृहको व्यवस्था गर्ने,
९. अपराधी र लागू औषध सेवन वा अन्य अनैतिक काममा लागेका बालबालिककाको सुधारका लागि बालसुधारगृहको व्यवस्था गर्ने,
१०. सुस्तमनस्थितिका बालबालिकालाई राख्न सुस्तमनस्थिति केन्द्रको सञ्चालन गर्ने ।

बालबालिकाको हितका लागि नेपालमा भएका प्रयासहरू

हाम्रो देशमा बालबालिकाको हितका लागि महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले विशेष प्रयास गर्दै आइरहेको छ । नेपाल बाल सङ्गठनले यस क्षेत्रमा महत्त्वपूर्ण काम गरेको छ । २०५२ सालमा केन्द्रीय बालकल्याण समिति र जिल्ला बालकल्याण समितिको पनि गठन भएको छ । देशका विभिन्न ठाउँमा अनाथालय, सुस्तमनस्थिति केन्द्र र बालसुधार गृहहरू पनि सञ्चालित छन् । अन्य गैरसरकारी संस्था र विभिन्न व्यक्तिहरूबाट पनि बालबालिकाको हकहितका लागि विशेष योगदान पुगेको छ ।

बालअधिकारको मुख्य उद्देश्य भनेको बालबालिकाको सर्वोत्तम हित हो । ठूला मानिसले जस्तो विभिन्न उपायद्वारा आफ्नो अधिकार लिन बालबालिकाहरू सक्षम हुँदैनन् । उनीहरूको अधिकारको रक्षा गर्नु ठूला मानिसको कर्तव्य हो । घरपरिवारदेखि समाज, राज्य र अन्तर्राष्ट्रिय समुदायबाटसमेत सहयोग प्राप्त भएमा मात्र बालअधिकारको संरक्षण हुन सक्छ ।

शब्दार्थ

नाबालिग = कानुनी रूपले उमेरका आधारमा मान्यता प्राप्त नभएको अवस्था
जोखिमपूर्ण = शारीरिक वा मानसिक आघात पुग्ने खालको, खतरापूर्ण
सुस्तमनस्थिति = कमजोर मनस्थिति

क्रियाकलाप

१. बालअधिकार महासन्धिमा लेखिएका अधिकारहरूमध्ये तिमीले हाल उपभोग गरिरहेका र गर्न नपाएका अधिकारहरू केके छन् ? बुँदागत रूपमा छुट्टाछुट्टै प्रस्तुत गर ।

अभ्यास

१. निम्नलिखित भनाइहरू ठीक भए (√) र बेठीक भए (X) चिह्न देऊ :

(क) बालबालिकाहरू सम्पूर्ण विश्वकै भविष्य हुन् ।
(ख) बाँच्न पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार हो ।
(ग) हाम्रा प्राचीन शास्त्रहरूले बालबालिकालाई बेवास्ता गर्ने कुरामा जोड दिएका छन् ।
(घ) बालबालिकाहरू पनि आफ्नो अधिकार लिन ठूला मानिसजस्तै सक्षम मानिन्छन् ।

२. बालअधिकार भनेको के हो ? स्पष्ट पार ।

३. केकस्ता कुराहरूबाट बालबालिकालाई मर्का पर्न जान्छ ? लेख ।

४. बालअधिकार महासन्धिमा बालबालिकाका लागि केकस्ता अधिकारको व्यवस्था गरिएकोछ ? लेख ।

५. नेपालको ऐनकानुनमा बालबालिकाको हकहितको संरक्षणका लागि केकस्तो व्यवस्था गरिएको छ ? स्पष्ट पार ।

६. बालबालिकाको हितका लागि नेपालमा विभिन्न क्षेत्रबाट भएका प्रयासहरू बारे लेख ।

सिर्जनात्मक अभ्यास

बालबालिकाले आफ्नो अधिकार उपभोग गरिरहेको अवस्था झल्कने तीनओटा चित्र बनाई कक्षामा प्रदर्शन गर ।

सारांश

एकाइ दुईमा तिमीले निम्नलिखित कुराहरू सिक्यौ:

- मौलिक हकको परिचय दिन र मानवअधिकारका मुख्य विषयहरू भन्न,
- नागरिक कर्तव्य र अधिकारको सम्बन्ध स्पष्ट पार्न,
- कानुनी राज्यको परिचय दिन र लोकतान्त्रिक शासनको सम्बन्ध बताउन,
- बालअधिकारको परिचय दिन र बालअधिकार महासन्धिका मुख्य बुँदाहरू उल्लेख गर्न,
- नेपालमा बालअधिकारको संरक्षणका लागि भएका मुख्य प्रयासहरूबारे बताउन ।

एकाइ - ३ **नागरिक कर्तव्य र व्यवहार**

पाठ एक **समुदायप्रति हाम्रो कर्तव्य**

(एउटा माध्यमिक विद्यालयको सभाकक्ष शिक्षक, विद्यार्थी र अतिथिहरूले भरिएको छ । मञ्चमा अतिथि र शिक्षकहरू बसेका छन् । एक जना शिक्षिका माइकतर्फ गएर कार्यक्रम सुरु गर्छिन् ।)

शिक्षिका: विद्यार्थी भाइबहिनीहरू ! शिक्षा दिवसको उपलक्ष्यमा आज "समुदायप्रति हाम्रो कर्तव्य" भन्ने शीर्षकमा विद्यार्थीहरूबीच वक्तृत्वकला प्रतियोगिताको आयोजना भइरहेको छ । अब म सर्वप्रथम प्रतियोगी विद्यार्थी सुनिल महर्जनलाई आफ्नो विचार राख्न निम्त्याउँछु ।

सुनिल : सभापतिज्यू, अतिथिवर्ग, निष्पक्ष निर्णायकमण्डल, आदरणीय शिक्षकवर्ग तथा विद्यार्थी साथीहरू !

समुदाय भन्नाले कुनै निश्चित क्षेत्रमा रहने जनसमूहलाई बुझ्नुपर्दछ । राज्यभित्र विभिन्न समुदायहरू रहेका हुन्छन् । त्यस्ता समुदायबाट मानिसका धेरै आवश्यकताहरू पूरा हुन सक्छन् । परिवार, शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक संस्था, परोपकारी संस्था, क्लब आदि सङ्गठित संघसंस्थाहरूलाई समुदायकै रूपमा लिन सकिन्छ । समुदायबाट व्यक्तिले विभिन्न किसिमका सेवा र सहयोग प्राप्त गर्न सक्छ । व्यक्तिको व्यक्तित्वको विकास र उन्नतिप्रगतिमा समूहको ठूलो भूमिका रहन्छ । समूहको विकासका लागि पनि व्यक्तिको सहयोग र सद्व्यवहार चाहिन्छ । हरेक व्यक्तिले मेरो होइन हाम्रो भन्ने भावनाले काम गर्नुपर्छ । हामीले आफ्नो व्यक्तिगत स्वार्थ त्यागेर भए पनि सामुदायिक विकासमा जोड दिनुपर्दछ । विद्यालय, स्वास्थ्य चौकी, अस्पताल, अनाथालयजस्ता संस्थाहरू मानवसमुदायकै हितका लागि स्थापना भएका हुन्छन् । त्यस्ता संस्थाहरूले समाजबाट जति बढ्ता मायाममता र सहयोग प्राप्त गर्दछन् त्यति नै बढ्ता सेवा प्रदान गर्न सक्षम हुन्छन् । ती संस्थाहरूबाट सेवा दिँदा पनि हामीले विशेष ध्यान दिनुपर्दछ । सार्वजनिक संस्थाहरूमा भीडभाड र अनावश्यक होहल्ला गर्नाले चाहेजस्तो सेवा र सहयोग पाउन सकिँदैन । त्यसैले भीडभाड हुने ठाउँमा पङ्तिबद्ध भएर पालैपालो सेवा लिने गर्नुपर्दछ । समुदायलाई व्यवस्थित बनाउनु हामी सबैको दायित्व हो । हामीले समुदायबाट जेजति सेवा र सहयोग लिन्छौँ त्यसको विकास र विस्तारका लागि त्योभन्दा बढी योगदान दिनुपर्दछ भन्दै मेरो भनाइ यहीँ समाप्त गर्दछु ।

शिक्षिका: अब आफ्नो कला प्रस्तुत गर्न आउँदै छिन् रञ्जना परियार

रञ्जना : परिवारदेखि गाउँ, नगर, राज्य र विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरू समुदाय नै हुन् । असल

समुदायबाट मात्रै हामीले आफ्नो व्यक्तित्वको विकास गर्न सक्छौँ । त्यसका लागि समूहको मानिसहरू सचेत, शिक्षित, परिश्रमी र अनुशासित हुनु आवश्यक छ । किराँत धर्मका महागुरु फाल्गुनन्द लिङ्देनले समाजबाट जाँडरक्सी र मदिरापानको परम्परालाई हटाउनुपर्ने कुरामा जोड दिएका थिए । वास्तवमा त्यस्ता खराब प्रवृत्तिको अन्त्य गर्न सकेमा समुदायलाई सजिलैसँग विकसित तुल्याउन सकिन्छ भन्ने मलाई लाग्दछ । हामीले राम्रो व्यवहार प्रदर्शन गरेमा सामुदायिक वातावरणमा अवश्य सुधार आउँछ । हाम्रा गाँउछेउ वा सहरबजारमा रहेका मन्दिर, धारा, पाटीपौवा, बाटोघाटो, विद्यालय, अस्पताल आदि सार्वजनिक सम्पत्ति हुन् । त्यस्तो सम्पत्ति सबै व्यक्तिको साझा हुन्छ । समाजका सबै मानिसले तिनको समान रूपमा उपभोग गर्न पाउँछन् । हामीले सार्वजनिक सम्पत्ति मिच्ने र तोडफोड गर्ने कार्य गर्नुहुँदैन । त्यस्तो सम्पत्तिको संरक्षण र सदुपयोग गर्नाले सबैलाई फाइदा पुग्छ । सार्वजनिक स्थलको संरक्षण र विकास गर्नु हामी सबैको परम कर्तव्य हो । सभ्य, शिष्ट र अनुशासित व्यवहारबाट नै सार्वजनिक सम्पत्तिको संरक्षण हुनुका साथै समूहको विकासमा पनि सहयोग पुग्दछ भन्दै बिदा हुन चाहन्छु ।

शिक्षिका: अब आफ्नो विचार राख्न आउँदै छन् भाइ सानु तामाङ

सानु : समुदाय भन्नाले गाउँ, टोलछिमेक, समाज आदि बुझिन्छ । मानिसलाई समय र परिस्थितिअनुसार विभिन्न समूहको सहयोग चाहिन्छ । असल समुदायमा मात्र मानिसको उन्नति हुन सक्छ । हामीले समूहको वातावरण सुधार गर्नेतर्फ विशेष जोड दिनुपर्दछ । सामुदायिक विकासको प्रमुख आधार भनेको शिक्षा हो । तर जस्तोसुकै शिक्षाले मानिसलाई ज्ञानी, गुणी र समाजसुधारक बनाउन सक्दैन । हामीले त्यस्तो शिक्षामा जोड दिनुपर्दछ जसबाट आधुनिक ज्ञान विज्ञानका साथै हाम्रो धर्म, संस्कृति र परम्पराको पनि संरक्षण हुन सकोस् । तर त्यसो भन्दैमा परम्परागत कुरीति, कुसंस्कार र अन्धविश्वासलाई पनि अँगाल्दै जानुपर्छ भन्न खोजिएको होइन । बरु हामीले परम्परा देखि रहेका खराबी हटाएर असल कुराहरूमात्र अँगाल्ने गर्नुपर्दछ । हाम्रा मौलिक भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण, विकास र विस्तारमा पनि हामीले विशेष ध्यान दिनुपर्दछ । समुदायप्रति हाम्रा थुप्रै कर्तव्यहरू छन् । विशेष गरी आफ्नो गाउँ, सहर वा टोलछिमेकको विकास गर्नु हाम्रो प्रमुख कर्तव्य हो । हरेक व्यक्तिले आ-आफ्नो क्षेत्रमा परिश्रमपूर्वक काम गरेमा सिङ्गो राष्ट्र नै विकसित हुन पुग्दछ । परिश्रमी व्यक्तिका लागि कुनै पनि कार्य कठिन हुँदैन । काम गर्दै जाँदा विभिन्न बाधाअड्चन आउन सक्छन्, तर त्यसबाट विचलित नभईकन निरन्तर प्रयत्न गर्नाले जस्तोसुकै कठिन कार्य पनि सम्पन्न गर्न सकिन्छ । गौतम बुद्ध, महात्मा गान्धी आदि

व्यक्तिहरूले पनि विभिन्न बाधाव्यवधानहरूलाई पन्छाउँदै निरन्तर रूपमा कार्य गरेर नै ठूलो सफलता हासिल गरेका थिए । हामीले त्यस्ता व्यक्तिहरूको जीवनीबाट शिक्षा लिएर काम गर्नुपर्छ । त्यसैले परिश्रम गरौँ, आत्मविश्वासका साथ काम गरौँ, आ-आफ्नो कर्तव्यपथमा अघि बढौँ र सुन्दर संसारको निर्माणमा सहयोग पुऱ्याऔँ भन्दै मेरो भनाइ यहीँ पूरा गर्दछु ।

शिक्षिका : अब अन्तिम वक्ताका रूपमा आफ्नो विचार राख्न आउँदैछन् भाइ लालबाबु यादव ।

लालबाबु : मानिसहरूको हूल जम्मा हुँदैमा समुदाय बन्ने होइन । त्यसका लागि त निश्चित लक्ष्य लिएका मानिसहरूको समूह हुनुपर्दछ । मानिसले एक्लै गर्न नसक्ने कतिपय कामहरू समुदायबाट सजिलैसँग गर्न सकिन्छ । समुदायलाई उच्च र विकसित तुल्याउन त्यसका सदस्यहरू जाँगरिला, इमानदार, शिक्षित र कर्तव्यनिष्ठ हुनुपर्दछ । अब प्रश्न उठ्छ कर्तव्य भनेको के हो त ? कर्तव्य भन्नाले गर्न हुने वा असल काम भन्ने बुझ्नुपर्छ । गर्न नहुने कामलाई अकर्तव्य भनिन्छ । समुदायमा असल काम गर्नु हाम्रो कर्तव्य हो । हाम्रा शास्त्रहरूमा आफ्नो कर्तव्यपालनालाई संसारकै सबैभन्दा ठूलो धर्म मानिएको छ । हरेक व्यक्तिले आआफ्नो व्यवहारमा सुधार ल्याएमा समुदाय आफैँ सुधिन्छ भन्ने मलाई लाग्छ । सामुदायिक कार्य गर्दा समूहका सदस्यहरूबीच आपसी मेलमिलाप हुनुपर्दछ । त्यसमा हरेक व्यक्तिले समूहको हितलाई ध्यान दिएर काम गर्नुपर्छ । समाजमा रहेको छुवाछुतलाई निर्मूल पार्नुपर्छ । यसरी सामुदायिक कार्यको ठूलो महत्त्व भएकाले हामीले हरेक ठाउँमा व्यक्तिगतभन्दा सामूहिक हितलाई ध्यान दिएर कार्य गरी सामुदायिक विकासमा ठूलो टेवा पुऱ्याउनुपर्छ भन्दै बिदा हुन्छ ।

शिक्षिका : वक्तृत्वकला प्रतियोगिता समाप्त भयो । कार्यक्रममा सहभागी तथा उपस्थित सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

शब्दार्थ

सङ्गठित	=	सुदृढ किसिमले एकत्रित पारिएको, सङ्गठन गरिएको
अनाथालय	=	आमाबाबु नभएका वा बेवारिसे बालबालिकालाई राखी पालनपोषणका साथै शिक्षासमेत दिने ठाउँ
चित्रण	=	चित्र खिचेझैँ गरिने वर्णन

क्रियाकलाप

१. तिम्रो गाउँघर वा सहरबजारमा सञ्चालित क्लब, स्वास्थ्य चौकी, विद्यालय आदिको वर्तमान अवस्थाको चित्रण गर्दै तिनलाई अझै राम्रो र व्यवस्थित पार्न केके काम गर्नुपर्ला ? सोसमेत खुलाई एउटा विवरण तयार पार ।

अभ्यास

१. निम्नलिखित भनाइहरू ठीक भए (√) र बेठीक भए (×) चिह्न देऊ :

(क) समुदायबाट मानिसका सबै आवश्यकताहरू पूरा हुन कठिन छ ।

(ख) फाल्गुनन्द लिङ्देनले समाजमा जाँडरक्सी र मदिरापानको परम्परालाई हटाउनुपर्ने कुरामा जोड दिएका थिए ।

(ग) सार्वजनिक स्थलको संरक्षण गर्नु हामी सबैको कर्तव्य हो ।

(घ) कर्तव्य भन्नाले गर्नुपर्ने वा असल काम भन्ने बुझ्नुपर्छ ।

२. समूहको अर्थ लेख ।

३. सार्वजनिक सम्पत्ति भनेको के हो ? तिनको संरक्षणका लागि केकस्ता कार्यहरू गर्नुपर्छ ? लेख ।

४. हाम्रो समाजमा सामुदायिक विकासका लागि कस्तो शिक्षाको आवश्यकता पर्छ ?

५. कर्तव्य भनेको के हो ? स्पष्ट पार ।

६. निम्नलिखित भनाइको व्याख्या गर :

"परिश्रमी व्यक्तिका लागि कुनै पनि कार्य कठिन हुँदैन ।"

७. शिक्षकको सहयोग लिएर पाठमा दिएजस्तै गरी कक्षामा वक्तृत्वकला प्रतियोगिताको आयोजना गर ।

सिर्जनात्मक अभ्यास

प्रत्येक विद्यार्थीले सामुदायिक विकास झल्किने खालका ३/३ ओटा चित्र बनाई कक्षामा प्रदर्शन गर ।

पाठ दुई सामाजिक नियमको पालना

मानिस बुद्धिमान् र विवेकशील प्राणी हो । आफ्नो बुद्धि, विवेक, ज्ञान र अनुभवले गर्दा उसले हरेक क्षेत्रमा प्रगति गर्दै गइरहेको छ । सधैँ नयाँ कुराको खोजी गर्नु मानिसको सबैभन्दा राम्रो गुण हो । आपसमा मिलेर बस्ने, परिश्रममा श्रद्धा र विश्वास गर्ने, अरूलाई सेवा र सहयोग गर्ने र सबैको भलाइका लागि काम गर्ने जस्ता असल स्वभावले गर्दा नै आज मानिसले यति धेरै प्रगति गरेको हो ।

हामीले कुनै मानवबस्तीलाई हेर्‍यौँ भने त्यहाँ विभिन्न मानिसहरू आपसमा मिलेर बसेका देखिन्छन् । त्यस्तो बस्तीमा बाटोघाटो, बजार, विद्यालय र अन्य विभिन्न संघसंस्थाहरू पनि हुन सक्छन् । समाजका सदस्यहरूको सुविधा र सहयोगका लागि तिनको व्यवस्था गरिएको हुन्छ । ती कुराहरूको संरक्षण, संवर्द्धन र विकासमा सघाउ पुर्‍याउनु समाजका सबै सदस्यको कर्तव्य हो । असल नागरिक हुनका लागि व्यक्तिले सामाजिक नियमहरूको पालना गर्नु पर्ने हुन्छ ।

सार्वजनिक स्थलको सरसफाइ

विभिन्न गाउँघर वा सहरबजारमा बाटोघाटो, मठमन्दिर, पाटीपौवा, इनार, धारा, खेलकुद मैदान, चरनजस्ता सार्वजनिक स्थलहरू हुन्छन् । त्यस्ता स्थलबाट समाजका सबै व्यक्तिले फाइदा लिन सक्छन् । त्यस्ता स्थलको संरक्षण र विकासमा पनि सबैको सहयोग चाहिन्छ । सार्वजनिक स्थललाई सफासुग्घर र आकर्षक बनाउनाले समाजकै इज्जत बढ्न सक्छ । उदाहरणस्वरूप हाम्रो देशका सगरमाथा, पशुपति र लुम्बिनी क्षेत्रलाई लिऔँ । प्राकृतिक, धार्मिक र ऐतिहासिक दृष्टिले यी स्थलहरू विश्वप्रसिद्ध मानिन्छन् । तिनको अवलोकन गर्न विश्वभरका पर्यटकहरू नेपाल आउने गर्दछन् । हामीले त्यस्ता स्थलहरूलाई अझै सफासुग्घर, आकर्षक, मनमोहक र सुविधासम्पन्न तुल्याउन सकेमा नेपालमा अझै बढी विदेशी पर्यटकहरू आउन सक्छन् । त्यसबाट हाम्रो राष्ट्रिय आयका साथै राष्ट्रिय गौरवमा समेत वृद्धि हुन्छ । त्यसैले हामीले आफ्ना वरिपरिका सबै सार्वजनिक स्थलहरूको सरसफाइका साथै यिनको संरक्षण कार्यमा समेत विशेष ध्यान दिनुपर्दछ ।

सामाजिक नियमको पालना

हरेक समाजका आआफ्नै विशेषताहरू हुन्छन् । विभिन्न समाजले आफ्नै मौलिक प्रथा, परम्परा र रीतिरिवाजहरूलाई अँगालेका हुन्छन् । त्यस्ता कुराहरू समाजको नियमकै रूपमा रहेका हुन्छन् । तिनलाई समाजका मूल्य र मान्यता पनि भनिन्छ । समाजमा राम्रानराम्रा दुवैथरी मूल्यमान्यता रहेका हुन्छन् । तीमध्ये हामीले नराम्रा मूल्यमान्यतालाई त्यागेर राम्रा कुराहरूलाई मात्र अँगाल्ने गर्नुपर्दछ । हाम्रो समाजमा बाबु, आमा र गुरुलाई देवतासमान मान्ने, पतिपत्नीको सम्बन्ध अत्यन्त पवित्र बनाउने, भाइबहिनीलाई छोराछोरीसरह व्यवहार गर्ने जस्ता राम्रा परम्पराहरू छन् । साँचो बोल्नु, चोरी नगर्नु, जथाभावी फोहोर नगर्नु, झगडा नगर्नु, ठूलो व्यक्तिप्रति आदरसम्मान गर्नु, सानालाई माया गर्नु जस्ता कुराहरूलाई त हाम्रो समाजले धर्मकै रूपमा लिएको पाइन्छ । हाम्रो देशमा नदीनालालाई पवित्र गङ्गाको रूपमा मान्दै त्यहाँ फोहोर गर्न नहुने कुरामा विश्वास गरिन्छ । समाजमा रहेका यस्ता मूल्यमान्यताहरूलाई हामीले राम्रोसँग अँगाल्दै जानुपर्दछ । यस्ता सामाजिक नियमको पालना गर्नाले हाम्रो समाजलाई अझै सुदृढ, व्यवस्थित, विकसित र अनुशासित तुल्याउन सकिन्छ ।

विद्यालयको नियमको पालना र अनुशासन

आदर्श समाजको निर्माणमा विद्याको ठूलो महत्त्व रहन्छ । त्यसैले हरेक व्यक्तिले बाल्यकालदेखि नै राम्रोसँग विद्याको अभ्यास गर्दै जानुपर्दछ । विद्याको महत्त्व दर्साउँदै भनिएको छ :

विद्याधनं सर्वधनप्रधानम् ।

(सबै धनहरूमध्ये विद्यारूपी धन सर्वश्रेष्ठ हो ।)

यसबाट हरेक व्यक्तिले विद्या आर्जन गर्नुपर्ने कुरा स्पष्ट हुन्छ । यस्तो महत्त्वपूर्ण विद्या आर्जन गर्ने स्थल भनेको विद्यालय हो । विद्यालयलाई विद्याको पवित्र मन्दिर पनि भनिन्छ । विद्यालयलाई व्यवस्थित रूपमा चलाउन र विद्याको अभ्यास गर्ने राम्रो स्थल बनाउन विभिन्न नियमहरू बनाइएका हुन्छन् । विद्यार्थीवर्गले त्यस्ता नियमहरूको पालना गरेमा मात्र राम्रोसँग विद्या आर्जन गर्न मद्दत पुग्छ । नियमित रूपमा विद्यालय जानु, गुरुको आज्ञापालन गर्नु, दैनिक पाठ बुझाउनु, मन लगाएर पढ्नु, नजानेका कुरा गुरुसँग सोध्नु, विद्यालयको वातावरण शान्त राख्नु, विद्यालयलाई सफासुग्घर पार्नु, साथीहरूसँग मिलेर विद्याको अभ्यास गर्नु जस्ता क्रियाकलापहरूले विद्या आर्जनमा ठूलो सघाउ पुग्न जान्छ । त्यसैले विद्यार्थीहरूले त्यस्ता नियमहरूको राम्रोसँग पालना गर्नुपर्दछ । यसले हामीलाई अनुशासित बनाउँछ । धम्मपदमा गौतम बुद्धले भनेका छन् :

कायेन संवुता धीरा अथो वाचाय संवुता ।

मनसा संवुता धीरा ते वे सुपरिसंवुता ॥

अर्थात् जो धीर व्यक्ति शरीरले, वचनले र मनले संयमित रहन्छ त्यो नै पूर्णरूपमा अनुशासित मानिन्छ ।

त्यसैले हामीले हरेक क्षेत्रमा मन, वचन र कर्मले संयमित र अनुशासित भएर काम गर्नु आवश्यक छ । यसबाट हाम्रो व्यक्तिगत उन्नतिका साथै समाज र राष्ट्रको समेत विकास हुने कुरामा दुई मत रहँदैन ।

हरेक समाज त्यहाँका सदस्यहरूको आपसी व्यवहारबाट चलेको हुन्छ । समाजको उन्नति वा अवनति भन्ने कुरा त्यसका सदस्यहरूकै क्रियाकलापमा निर्भर रहन्छ । समाजको उन्नति र विकासका लागि त्यहाँका मानिसहरू स्वस्थ, परिश्रमी, शिक्षित, इमानदार, अनुशासित र सहयोगी हुनुपर्दछ । हामीले हाम्रो समाज सुदृढ र विकसित हुने व्यवहार गर्नुपर्छ । हामीले समाजमा रहेका खराबीहरूको अन्त्य गर्न सक्नुपर्दछ । व्यक्तिगत स्वार्थ त्यागेर सामाजिक हितका लागि काम गर्नुपर्दछ । हरेक व्यक्तिले सामाजिक भावनाले काम गर्नु नै आजको आवश्यकता हो । यसबाट आदर्श समाजको निर्माणमा ठूलो सघाउ पुग्न जान्छ ।

शब्दार्थ

संयमित = संयममा रहेको, मर्यादामा रहेको

अवनति = खस्केको अवस्था, अधोगति

क्रियाकलाप

१. कक्षाका सबै विद्यार्थीहरू मिलेर विद्यालयमा अझ बढी अनुशासित व्यवहार कायम राख्न गर्नुपर्ने कामहरूमा विषयमा छलफल गर र त्यस्ता कामको सूची बनाई प्रधानाध्यापकसमक्ष पेस गर ।

अभ्यास

१. निम्नलिखित प्रश्नहरूको एकएक वाक्यमा उत्तर देऊ :

(क) मानिसको सबैभन्दा राम्रो गुण के हो ?

(ख) समाजको इज्जत कसरी बढ्छ ?

(ग) विद्या नभएको व्यक्ति कस्तो हुन्छ ?

(घ) व्यक्तिले कस्तो व्यवहारबाट सफलता प्राप्त गर्न सक्छ ?

(ङ) समाजको उन्नति वा अवनतिमा कसको हात रहन्छ ?

२. समाजका सदस्यहरूको प्रमुख कर्तव्य के हो ? प्रस्ट पार ।

३. सार्वजनिक स्थलको सरसफाइ, संरक्षण र विकासबाट केकस्तो फाइदा पुग्छ ? लेख ।

४. हाम्रो समाजमा रहेका राम्रा मूल्यमान्यताहरू केके हुन् ? बुँदागत रूपमा लेख ।

५. विद्यालयमा केकस्ता कार्यहरू गरेर विद्यार्थीले राम्रोसँग विद्या आर्जन गर्न सक्छन् ? लेख ।

६. आदर्श समाजको निर्माण कसरी हुन सक्छ ? लेख ।

सिर्जनात्मक अभ्यास

"समाजमा अनुशासनको महत्त्व" भन्ने विषयमा एउटा छोटो निबन्ध लेख ।

पाठ तीन

अशक्तवर्गलाई सहयोग

न्युयोर्क, संयुक्त राज्य अमेरिका
६ जुन, २००३

प्यारी छोरी रमिता,
न्यानो माया ।
यहाँ मलाई सन्चै छ । त्यहाँ तिमीहरू सबैलाई आरामै होला भन्ने आशा गरेको छु । आगामी दसैँपछि काठमाडौँमा गैरआवासीय नेपालीहरूको सम्मेलन हुने खबर पाएको छु । त्यसैले दसैँताका एक महिनाको फुर्सद लिएर नेपाल आउने कार्यक्रम राखेको छु ।
तिमीले नेपालमा अशक्तवर्गका लागि सहयोग गर्ने सम्बन्धमा सोधेकी रहिछ्यौ । वास्तवमा मेरो मनको कुरा तिमीले व्यवहारमा उतार्न खोजे जस्तो लाग्यो । मैले विदेशमा आफ्नो व्यवसाय गर्न थालेको पनि तीन दशक नाघिसक्यो । आज मैले धेरै सम्पत्ति जोडिसकेको छु । म त्यसबाट समाजसेवा गर्न चाहन्छु । तर कार्यव्यस्तताले गर्दा मनको कुरा मनमै सीमित रहेको थियो । अहिले तिमीले त्यस क्षेत्रमा हात हाल्न आँटेकोमा ज्यादै खुसी लागेको छ । त्यसैले तिमीले व्यवस्थित रूपमा आफ्नो कार्य आरम्भ गर्नू । त्यसका लागि मैले आफ्नो क्षमताले भ्याएसम्मको सहयोग गर्ने नै छु । तर तिमीले त्यस क्षेत्रमा लाग्नु अघि केही कुराहरू जान्नु जरुरी छ ।
संसारमा विभिन्न किसिमका मानिसहरू हुन्छन् । तीमध्ये स्वस्थ, सबल र समर्थ मानिसहरूलाई कसैले विशेष हेरचाह एवम् सहयोग गरिरहनु पर्दैन । तर बालबालिका, वृद्धवृद्धा, रोगी, शारीरिक रूपमा कमजोर जस्ता व्यक्तिहरूलाई विभिन्न किसिमका सहयोगको अवश्यकता पर्दछ । त्यस्ता व्यक्तिलाई शारीरिक रूपमा अशक्तवर्गमा राख्न सकिन्छ । त्यस्ता वर्गको सहयोग गर्नु समाजका सबै व्यक्तिको कर्तव्य हुन आउँछ ।
अशक्तवर्गलाई कसैले पनि बोझका रूपमा हेर्नुहुँदैन । कुनै पनि मानिस आफूले चाहेर त्यस्तो हुने होइन । हाम्रो समाजमा देवीदेवताको सराप वा पूर्वजन्मको पापले गर्दा मानिस शारीरिक रूपमा कमजोर अशक्त वा रोगी हुन्छ भन्ने अन्धविश्वास पनि यदाकदा भेटिन्छ । तर त्यस्ता कुरामा विश्वास गर्नुहुँदैन । कतिपय मानिसहरू जन्मैदेखि नै दृष्टि क्षमता कमजोर भएका, शारीरिक रूपमा कमजोर, श्रवण शक्ति कमजोर भएका हुन्छन् भने कोही आफ्नो अज्ञान र अशिक्षाका कारणले पनि कमजोर हुन पुग्छन् । बालबालिका र वृद्धवृद्धा भन्ने कुरा त उमेरअनुसार हुने हो । शरीरमा विभिन्न रोग लाग्नु पनि कुनै नौलो कुरा होइन । सधैँ सबैको एउटै अवस्था हुँदैन । जीवनमा सुख दुःख भन्ने कुरा कुमालेको चक्रझैँ घुमिफिरी आई नै रहन्छ । कवि शिरोमणि लेखनाथ पौड्यालले भनेका छन् :

कसैको लोकमा छैन एकैनास समुन्नति ।
अरूको के कुरा हेर सन्ध्यामा सूर्यको गति ॥

संसारमा सबैको अवस्था त्यस्तै हुन्छ । हामीले काम गर्दा त्यस्ता कुराहरू मनन गर्नु नै बुद्धिमानी हुन जान्छ । शारीरिक रूपमा कमजोर र अशक्तवर्ग पनि हाम्रै दाजुभाइ वा दिदीबहिनी नै हुन् भन्ने भावना हामीले लिनुपर्छ । उनीहरूलाई तिरष्कार गर्नुहँदैन । घरपरिवार, समाज र राष्ट्रबाट सहयोग पाउनु उनीहरूको अधिकार हो । अशक्तवर्गका पनि विभिन्न इच्छा, आकाङ्क्षा र चाहानाहरू हुन सक्छन् । त्यसको कदर गरेर हामीले उनीहरूलाई अघि बढ्ने अवसर प्रदान गर्नुपर्छ । समाजबाट उनीहरूले उचित मानसम्मान र प्रेरणा पाएमा ठूलाठूला कार्य गर्न सक्छन् । त्यसैले त्यस्ता वर्गप्रति सबैले उचित व्यवहार गर्नुपर्दछ ।

हाम्रा प्राचीन शास्त्रहरूमा सेवा, सहयोग र परोपकारको ठूलो महत्त्व दर्साइएको छ । त्यहाँ दीनदु:खी, गरिब र असहायवर्गको सेवा गर्ने कार्यलाई सेवाधर्म मानिएको छ । सेवाधर्म अत्यन्त ठूलो धर्म हो भन्ने बुझ्नुपर्छ । विष्णुधर्मोत्तरपुराणमा लेखिएको छ :

दीनदु:खी, अन्धो, निर्धन, अनाथ, लाटो, जड, पुङ्को, विकलाङ्ग तथा रोगी मानिसको सेवाका लागि जेजति दान गरिन्छ त्यसको महान् फल प्राप्त हुन्छ । त्यसैगरी परोपकारलाई सबै धर्मको सारतत्त्व मानिन्छ । धर्मको मूलतत्त्व भनेको व्यक्तिगत स्वार्थ त्यागेर अर्काको भलाइ गर्नु हो । अशक्तवर्गको सेवा संसारकै सबैभन्दा ठूलो कार्य हो भन्ने मलाई लाग्छ । नेपालमा पनि लाखौँ व्यक्तिहरू विभिन्न कारणले रोगी, अपाङ्ग, अशक्त र असहाय भएका छन् । कतिपय बालबालिकाहरू आफ्नो बालापनमा खेल्ने र रमाउने अधिकारबाट समेत वञ्चित हुन पुगेका छन् । कतिपय वृद्धवृद्धाहरू घर-परिवारबाट अपहेलित अवस्थामा बाँची रहेका छन् । हामीले सकेसम्म त्यस्ता वर्गलाई तिनीहरूको घरपरिवारबाट नै सहयोग पुग्ने वातावरण बनाउनेतर्फ जोड दिनु राम्रो हुन्छ । त्यस्तो नभएमा सरकारी वा गैरसरकारी संघसंस्थाबाट सहयोग पुऱ्याउनुपर्दछ । अशक्तवर्गको सेवामा समर्पित हुनु महान् कार्य हो । त्यस्तो कार्यमा दुईचार जनाको प्रयासले मात्र खास प्रगति हुँदैन भन्ने सोच्नुहुदैन । त्यसमा समाजका सबै वर्गले मन, वचन र कर्मले सेवा र सहयोग पुऱ्याउनु पर्दछ ।

लेख्दै जाँदा पत्र लामो भएछ । तिमीले यसको मर्म बुझेर सेवा कार्यमा समर्पित हुनू । तिमीले कस्तो सेवा गर्ने हो त्यो लेखेर मलाई पठाउनू । बडादसैँमा भेटघाट हुने नै छ । अहिलेलाई यति नै ।

तिमीलाई धेरैधेरै माया गर्ने बुबा

सुरेन्द्र यादव

शब्दार्थ

गैरआवासीय नेपाली = नेपालमा बसोबास नगर्ने नेपाली

सीमित = सीमा बाँधिएको, तोकिएको, थोरै

पूर्वजन्म = यो जन्मभन्दा पहिलेको जन्म

वञ्चित = झुक्याइएको वा ठगिएको

क्रियाकलाप

१. **तिम्रो टोलछिमेकका कम्तीमा पाँच परिवारको तथ्याङ्क सङ्कलन गर । तीमध्ये अअसक्तहरूको सूची बनाऊ । साथै उनीहरूले समाजबाट केकस्तो सहयोग पाइरहेका छन् ? सो समेत खुलाई एउटा विवरण तयार पार ।**

अभ्यास

१. **तलका 'क' तथा 'ख' खण्डमा एक अर्कामा मिल्दाजुल्दा बुँदाहरू राखिएका छन्, मिल्ने बुँदाहरूको जोडा मिलाऊः**

खण्ड 'क'	**खण्ड 'ख'**
(क) अशक्तवर्गको सेवा	(क) सबै धर्मको सारतत्त्व
(ख) अशक्तवर्गको अधिकार	(ख) बालापनमा रमाउन पाउनु
(ग) परोपकार	(ग) समाजका सबै व्यक्तिको कर्तव्य
(घ) बालबालिकाको अधिकार	(घ) घरपरिवार, समाज र राष्ट्रबाट सहयोग पाउनु

२. **अशक्तवर्ग भन्नाले कस्ता व्यक्तिलाई जनाउँछ ? लेख ।**

३. **अशक्तवर्गप्रति हामीले कस्तो व्यवहार गर्नुपर्दछ ? लेख ।**

४. **सेवाधर्म भनेको के हो ? स्पष्ट पार ।**

५. **हाम्रो मन कसरी शुद्ध र निर्मल हुन्छ ? उपाय बताऊ ।**

५. **वृद्धवृद्धा र बालबालिकाको सहयोग कसरी गर्न सकिन्छ ? तरिका लेख ।**

६. **"एकलकाँटेपनलाई छोडेर सामूहिक हितका लागि काम गरौँ" भन्ने भनाइलाई एक अनुच्छेदमा व्याख्या गर ।**

सारांश

एकाइ तीनमा तिमीले निम्नलिखित कुराहरू सिक्यौः

- समूहको विकासमा सहयोग पुऱ्याउन,
- सार्वजनिक सम्पत्तिको संरक्षण र सदुपयोग गर्न,
- परिश्रमको महत्त्व बताउन,
- नियमको पालनाबाट हुने लाभका बारेमा उल्लेख गर्न र अनुशासित व्यवहार गर्न,
- अशक्तवर्गलाई उन्नतिप्रगतिका लागि प्रोत्साहित गर्न र परोपकारको महत्त्व बताउन ।

एकाइ - ४ **धर्म र धार्मिक सहिष्णुता**

पाठ एक **धर्मका साझा मूल्यमान्यता**

संसारमा अनेकौं प्राणी छन् । तिनीहरू पानी, जमिन र आकाशमा बसोबास र घुमफिर गर्दछन् । तिनीहरूमध्ये मानिस संसारको सबैभन्दा श्रेष्ठ प्राणी मानिएको छ । ऊ अरू प्राणीभन्दा श्रेष्ठ हुनुको कारण छ । त्यो कारण भनेको धर्म हो । कतिपय क्रियाकलाप मानिस र अन्य जीवजन्तुका समान छन्, तर धर्म मान्ने भएकाले मानिस अरू प्राणीभन्दा श्रेष्ठ भएको हो ।

संसारमा विभिन्न धर्म छन् । धर्मका विषयमा अनेकौं परिभाषा र विचार पनि प्रचलित छन् । तर पनि सबै धर्मको मूल मान्यता र उद्देश्य मानवजातिको चौतर्फी कल्याण गर्नु हो ।

धर्मको एउटा प्रमुख मान्यता सदाचार हो । राम्रो आचार अर्थात् सज्जनको आचारलाई नै सदाचार भनिन्छ । समाजका जान्नेबुझ्ने व्यक्तिले गरिआएको विधिव्यवहार सदाचार हुन्छ । प्राचीन ग्रन्थहरूमा सदाचारलाई यसरी चिनाइएको छः

आचारः परमो धर्मो नृणां कल्याणकारक : ।
इह लोके सुखी भूत्वा परत्र लभते सुखम् ॥

(मानिसका लागि सदाचार कल्याणकारक परम धर्म हो । आचारवान् मानिसले यस लोकमा सुखभोग गरी परलोकमा पनि सुख पाउँछ ।) यसको विपरीत सदाचारको पालना नगर्ने मानिसको अपमान हुन्छ । उसले कतै पनि सुख पाउँदैन । किनकि आचारहीन मानिस संसारमा निन्दित हुन्छ र उसले परलोकमा पनि सुख पाउँदैन । त्यसैले सबैले आचारको पालना गर्नुपर्दछ ।

अशक्त, शारीरिक रूपमा कमजोर र असहायलाई सहयोग गर्नु पनि सबै धर्मको मूल्यमान्यता भित्रै पर्दछ । त्यस्ता व्यक्ति वा वर्गको सेवा र सहयोग नगर्ने धर्म, धर्म नै हुँदैन भन्ने विश्वास हाम्रो पूर्वीय संस्कृतिले लिएको छ । भनिएको पनि छ :

को धर्मः कृपया विना अर्थात् अरूलाई कृपा नगर्ने हो भने त्यो धर्म हुँदैन ।

क्षमाशील हुनु धर्मको अर्को आधारभूत मान्यता हो । आजभोलि मानिसमा बदलाको भावना बढ्दै

गएको पाइन्छ । यस्तो भावनाले आफू र अरूलाई पनि हानि गर्दछ । आफ्नो अहित गर्ने व्यक्तिप्रति पनि क्षमाशील हुन सक्दा सबैको कल्याण हुन्छ ।सबै धर्मले मानिसलाई सन्तोषी हुन सिकाएका छन् । असन्तोष आगो जस्तै कडा हुन्छ । ऋषिमुनिहरूले असन्तोषले मानिसलाई भित्रभित्रै जलाउँछ र समाप्त पार्छ भनेका छन् । उनीहरूका विचारमा सन्तोष नै सबैभन्दा ठूलो सुख हो - सन्तोष : परमं सुखम् ।

खानपीन, मनोरञ्जन र धनसम्पत्ति थोरै भए पनि सन्तुष्ट हुनुपर्छ, तर विद्या आर्जन गर्ने र दान दिने कुरामा चाहिँ कहिल्यै सन्तोष गर्नुहुँदैन भन्ने भनाइ छ । धर्म र यसका व्याख्याताहरूले यस्तो आदर्श बताएर हामीलाई व्यावहारिक र नैतिक शिक्षा दिएका छन् । धैर्य गर्नु, शारीरिक अङ्गहरूलाई नियन्त्रित र संयमित बनाउनु, सफासुग्घर रहनु, बुद्धिमान् हुनु, विद्या आर्जन गर्नु र रिसरागको भावना हटाउनु पनि धर्मकै मूल्यमान्यतामा पर्दछन् । जुन धर्मका भए पनि यस्ता साझा मूल्यमान्यता सबै मानिसका लागि उपयोगी छन् । त्यसैले धर्मका नाममा कहिल्यै पनि कसैसँग लडाइँ झगडा गर्नु राम्रो हुँदैन । धर्मका नाममा हुने यस्ता नराम्रा क्रियाकलापले यी महान् मूल्यमान्यता नष्ट हुन्छन् । तर आफ्नो धर्मको रक्षा र पालनाका लागि भने सबै मानिस सधैँ तत्पर हुनुपर्छ ।

यी भनाइहरूबाट हामी चरित्रमा सुधार ल्याई जीवनलाई सुखी बनाउन प्रेरणा पाउँदछौँ । कुनै धर्ममा केही नराम्रा कुराहरू पनि हुन सक्दछन् । धर्मको पालना लामो समयदेखि हुने भएकाले कहिलेकाहीँ केही नराम्रा पक्षहरू देखा पर्नु स्वाभाविकै हो । राजहाँसले पानी छाडेर दूध लिएजस्तै हामीले पनि धर्मका नाममा भित्रिएका केही नराम्रा कुरालाई छाडेर राम्रा कुराको मात्र अभ्यास र अनुकरण गर्नुपर्दछ । त्यसो गर्ने हो भने धर्मका साझा मूल्यमान्यताले हामी सबैको हित गर्दछन् । मानवजीवन स्वस्थ, सुखी र शान्त बन्दछ । राष्ट्र पनि समृद्ध हुन्छ ।

शब्दार्थ

परलोक = अर्को लोक, मरेपछि पुगिने भनी विश्वास गरिएको लोक
निन्दित = निन्दा गरिएको, बदनाम
क्षमाशील = माफी गर्ने
समृद्ध = सम्पन्न, धनी

क्रियाकलाप

१. तिमीले मानेको धर्मका प्रमुख मूल्यमान्यताहरू केके हुन् ? आफ्ना अभिभावकसँग सोधी एउटा विवरण तयार पार र कक्षामा प्रस्तुत गर ।

अभ्यास

१. **निम्नलिखित भनाइहरू ठीक भए (√) र बेठीक भए (×) चिह्न देऊ :**

(क) धर्म नमान्ने भएकाले मानिस अरू प्राणीभन्दा श्रेष्ठ भएको हो ।

(ख) यो लोक र परलोक दुवैतिर सुख दिने साधन सदाचार हो ।

(ग) आचारहीन मानिसलाई सबैले प्रशंसा गर्दछन् ।

(घ) अशक्त, अपाङ्ग र असहायलाई सहयोग गर्नु पनि सबै धर्मको मूल्यमान्यता हो ।

(ङ) आफ्नो धर्मको पालना र रक्षाका लागि हामी सधैँ तत्पर हुनुपर्छ ।

२. **धर्मका साझा मूल्यमान्यतालाई व्यवहारमा उतार्न तिमीहरू के गर्न सक्दछौ ? एक अनुच्छेद लेख ।**

३. **धर्मका साझा मूल्यमान्यतामध्ये तिम्रो विचारमा सबैभन्दा महत्त्वपूर्ण कुन हो ? तर्क देऊ ।**

४. **तिमीले पनि कुनै धर्म मानेकै हौला । त्यसमा तिमीलाई कुनै कुरा सुधार गर्नु पर्ने छन् जस्तो लागेको छ भने बुँदागतरूपमा प्रस्तुत गर ।**

५. **'सन्तोषः परमं सुखम्' भन्ने भनाइको तात्पर्य स्पष्ट पार ।**

सिर्जनात्मक अभ्यास

सदाचारको पालना गर्दा हुने फाइदा र त्यसको पालना नगर्दा हुने बेफाइदाबारे साथीहरूबीच छलफल गरी त्यसबाट निस्केको निष्कर्ष वा तालिका बनाई कक्षामा सुनाऊ ।

पाठ दुई सादा जीवन उच्च विचार

जीवन विभिन्न किसिमले बिताउन सकिन्छ । तडकभडक गरेर, अपराधी बनेर र भगवान्को दर्शन पाउने आशामा तपस्या गरेर पनि जीवन बिताउन सकिन्छ । तर पनि धेरैजसो मानिसहरू सामान्य रूपबाट जीवन बिताउँछन् । आवश्यकताअनुसार मानवीय कर्तव्य पूरा गर्दै अरूलाई कुनै पनि प्रकारको दुःख नदिईकन सामान्य रूपबाट बिताइने जीवन सादा जीवन हो । यो आदर्श जीवन पनि हो । यस्तो जीवन बिताउँदा आफूलाई पनि दुःख हुँदैन र अरूलाई पनि पीडा हुँदैन । मानिसमा उच्च विचार आउनेबित्तिकै जीवनमा सरलता वा सादापन आइहाल्दछ । सादा जीवनमा उच्च विचार र उच्च विचारमा सादा जीवनको सम्बन्ध भएकै कारणले सादा जीवन उच्च विचार भन्ने भनाइ प्रचलित भएको हो । विद्यार्थीवर्गका लागि त सादा जीवनको झन् ठूलो आवश्यकता छ ।

एउटा गाउँमा हरेराम नाम गरेको किसान बस्दथ्यो । ऊ आफ्नो खेतबारीमा काम गर्नुका साथसाथै अरूको भलो हुने काम पनि गर्दथ्यो । ऊ अशक्त, असहाय, रोगी, दीनदुःखीलाई आफ्ना घरमा ल्याएर खान बस्न दिन्थ्यो । ऊ आफूले खेतबारीमा परिश्रम गरी उब्जाएको अन्न पनि अरूलाई दान दिने गर्दथ्यो । उसको यस्तो दया, उपकार र समाजसेवाको सबैतिर प्रचार भयो । त्यसको सम्मानस्वरूप उसलाई करोडौँ रुपियाँको पुरस्कार दिइयो । त्यत्रो पैसाको पुरस्कार

पाएपछि उसका छोराहरूमा परिश्रम नगर्ने र मोजमस्ती गर्ने बानी बस्यो । उनीहरू खेतबारीमा काम गर्नुको सट्टा सहर पसे र राम्रा पक्की घर बनाएर बस्न थाले । तर हरेराम गाउँकै खरको झुपडीमा बसिरह्यो । उसले अर्को राम्रो घर पनि बनाएन र खेतबारीको काम पनि छोडेन । ऊ परोपकार र समाजसेवामा पनि पहिले जस्तै लागिरह्यो । यो देखेर उसको एउटा मित्रले भन्यो, "तिमी करोडौँ रुपियाँ पाएर पनि यस्तो दुःख किन गरिरहन्छौ ? सहरमा राम्रो घर बनाएर बस न, तिम्रा छोराहरू पनि सहरिया भइसके । तिमी र छोराहरूमा जीवन बिताउने तरिकामा धेरै भिन्नता आइसक्यो ।"

मित्रको कुरा सुनेर हरेरामले भन्यो, "छोरा र म एउटै स्तरका छैनौँ, म उनीहरू जस्तै कसरी हुन सक्छु र ?" हरेरामको कुरा सुनेर मित्रले सोध्यो, "तिमीले यो के भनेको, छोरा र तिम्रो स्तर कसरी मिलेन ?" हरेरामले उत्तर दियो, "उनीहरू करोडपति बाबुका छोरा, त्यसैले उनीहरूको स्तर बढेको छ । तर म त एउटा गाउँले गरिब किसानको छोरो, मेरो स्तर कसरी बढ्छ र म सहरमा गएर बस्न सक्छु ?" हरेरामको कुराले मित्रको चित्त बुझ्यो ।

हरेरामको भनाइले सादा जीवन र उच्च विचारको उदाहरण प्रस्तुत गरेको छ । हामी महात्माहरूको जीवनी र कार्यबाट यस्तै प्रेरक सन्देश पाउँदछौँ ।

शान्ति र सन्तोषको भावनाले जीवनमा सादापन ल्याउँछन् । धनसम्पत्तिका लोभले सधैँ भौँतारिरहने मानिस सादा जीवन उच्च विचारको उदाहरण हुन सक्दैन । हामीले जीवनमा क्षणिक सुख खोज्ने कि स्थायी सुख खोज्ने भन्ने प्रश्नमा ठीक निर्णय गर्न सक्नुपर्दछ । स्थायी सुख र शान्तिको आधार सादा जीवन र उच्च विचार भन्ने आदर्शबाट हामीले टाढा रहन हुँदैन । त्यसैले नीतिमा भनिएको हो :

सन्तोषामृततृप्तानां यत्सुखं शान्तचेतसाम् ।
कुतस्तद् धनलुब्धानामितश्चेतश्च धावताम् ॥

(चित्त शान्त भएका र सन्तोषरूपी अमृतको पान गर्ने मानिसहरू जुन सुख प्राप्त गर्दछन् त्यो सुख धनको लोभले चारैतिर भौँतारिरहने मानिसहरूलाई प्राप्त हुन सक्दैन । उनीहरू दुःख मात्र पाउँछन् ।)

शब्दार्थ

तपस्या = नराम्रा विचार त्यागेर एकान्तमा बसी मनलाई नियन्त्रण गरी गरिने ध्यान

दीन = दुःखी, गरिब, कष्टमा परेको

समाजसेवा = समाजका विभिन्न वर्गप्रति गरिने सेवा वा सहयोग

क्रियाकलाप

१. तिमीले अहिले आफूले कस्तो जीवन बिताइरहेको अनुभव गरेका छौ र भविष्यमा कस्तो जीवन बिताउने सोचाइ राखेका छौ ? एउटा सङ्क्षिप्त योजना बनाई प्रस्तुत गर ।

अभ्यास

१. निम्नलिखित प्रश्नहरूको एकएक वाक्यमा उत्तर देऊः

(क) मानिसले के गऱ्यो भने चाहेको जस्तो जीवन बनाउन सक्दछ ?

(ख) सादा जीवनको फाइदा के हो ?

(ग) जीवनमा सादापन कसरी आउँछ ?

(घ) हरेरामले सिकाएको मूल कुरा के हो ?

२. तिमी कस्तो जीवनलाई सादा जीवन मान्दछौ ? के सादा जीवन बिताउनेहरू सबैमा उच्च विचार हुन्छ ? उदाहरणसहित एक अनुच्छेदमा स्पष्ट पार ।

३. विद्यार्थीले सादा जीवन जिउन गर्नुपर्ने कुराहरूको तालिका बनाई कक्षामा प्रस्तुत गर ।

४. हरेराम सादा जीवन उच्च विचारको व्यक्ति हो वा होइन, तर्कपूर्ण रूपमा लेखेर कक्षामा सुनाऊ ।

५. क्षणिक सुख र स्थायी सुखका उपायहरू केके हुन् ? छुट्टाछुट्टैरूपमा सूचीकृत गरी पेस गर ।

६. धनको लोभले चारैतिर भौंतारिरहने मानिसलाई किन सुख प्राप्त हुँदैन ? कारण बताऊ ।

सिर्जनात्मक अभ्यास

"जीवन बाँच्ने एउटा कला हो" भन्ने शीर्षकमा छोटो निबन्ध लेख ।

पाठ तीन

धर्मको महत्त्व

धर्म भनेको नियम, अनुशासन र मर्यादा हो। मानिसका लागि उपयोगी र आवश्यक गुणहरूको विस्तार गरिदिने साधन पनि धर्म नै हो। धर्मले हामीलाई रक्षा गरेकाले यसको महत्त्व बढेको हो। भनिएको पनि छः

धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षतिः। (धर्मको रक्षा नगरे हाम्रो रक्षा हुँदैन, धर्मको रक्षा गरे यसले हाम्रो रक्षा गर्दछ।) संसारमा धर्म नभएर पाप मात्र हुँदो हो त हाम्रो अस्तित्व रहने थिएन। मानिसको अस्तित्व नभएको संसारको पनि कुनै सार्थकता रहने थिएन। यसरी संसारलाई सार्थक बनाइराख्न र हाम्रो अस्तित्व कायम राखिरहन पनि धर्मको महत्त्व बुझ्नुपर्छ। संसारमा धर्म लामो समयदेखि चलिआएको व्यवस्था हो। जतिखेर आजभोलिका जस्ता ऐन-कानुनहरूको निर्माण भएको थिएन त्यतिखेर व्यक्ति, समाज, राज्य र विश्वलाई समेत सुसञ्चालन गर्ने माध्यम धर्म थियो। मानिसलाई एउटा व्यवस्थामा राख्ने भएकाले धर्म नै कानुन बराबर थियो।

धर्मले सत्यको पक्ष लिने भएकाले पनि यसको महत्त्व बढेको हो। सबै धर्ममा सत्यको महिमा देखाइएको छ। 'सत्यमेव जयते' अर्थात् सत्यको विजय हुन्छ र असत्यको पराजय हुन्छ। सत्य पनि धर्मको एउटा लक्षण हो। सत्यको पक्ष नलिने धर्म हुँदैन।

सत्यको पालना सबैका लागि आवश्यक छ। जस्तो देखिन्छ, सुनिन्छ र बुझिन्छ त्यसलाई अलिकति पनि फरक नपारीकन भन्नु नै सत्य हो। बोलेको वचन सत्यका साथसाथै मधुर र प्रिय पनि हुनु आवश्यक छ। हाम्रो संस्कृतिले पनि सत्य वोल, प्रिय वोल सत्य छ तर अप्रिय हुन्छ भने विवेकपूर्ण ढङ्गबाट बोल, र प्रिय छ तर असत्य छ भने त्यो पनि नबोल भन्ने सन्देशहरू दिएको छ।

धर्मबाट अहिंसाको भावना विस्तार हुन्छ। जसले धर्मको महत्त्व बुझी यसको पालना गर्दछ उसमा हिंसाको भावना पैदा हुँदैन। धर्ममा "अहिंसा परमो धर्मः" (अहिंसा ठूलो धर्म हो) भन्ने भावना रहेको हुन्छ। अरू प्राणीलाई पनि आफूजस्तै ठान्नुपर्छ भनेर धर्मले हामीलाई अहिंसाको सन्देश दिएको छ। सबै प्राणीप्रति दया राख्नुपर्ने विचार हामी धर्मबाट पाउँदछौं। हिंसा राक्षसी प्रवृत्ति हो भने अहिंसा दैवी गुण हो। धर्मले अहिंसाको पक्ष लिन्छ। बौद्ध धर्म र जैनधर्मले पनि अहिंसालाई ज्यादै महत्त्व दिएका छन्।

कसैलाई हतियारले आक्रमण गर्नुमात्र हिंसा होइन, मनले नराम्रो चिताउनु र कठोर वचन बोल्नु पनि हिंसा नै हो । यस्तो हिंसालाई मानसिक र वाचिक हिंसा भन्दछन् । अरूप्रति ईर्ष्या र द्वेषको भावना राख्नु मानसिक हिंसा भएकाले हाम्रो संस्कृतिले रिसरागको भावना नराखौं भन्दै द्वेषको भावना हटाउने तर्फ नीतिगत सन्देशहरू दिएको छ ।

धर्मबाट शान्ति पनि प्राप्त हुन्छ । पृथ्वीका सबै वस्तुमा शान्तिको कामना गर्नु धर्मको विशेषता हो । व्यक्तिको व्यक्तित्व विकास र देशको भौतिक विकासका लागि शान्ति अनिवार्य आवश्यकता हो । मानिसका लागि त शान्ति सुख वा आनन्दको स्रोत हो । अशान्त व्यक्तिलाई कतैबाट पनि सुख प्राप्त हुँदैन । लोभ, रिसरागजस्ता दुर्भावना भएको मानिसमा शान्ति आउन सक्दैन भने विभिन्न थरी कामना र इच्छा छोडेर घमन्ड नगरी सामान्य व्यवहार गर्ने मानिसमा शान्तिको अनुभूति हुन्छ ।

कुनै एउटा देशमा मात्र नभई संसारका विभिन्न भागमा बारम्बार अशान्तिका घटनाहरू भइरहन्छन् यसले सबैलाई हानि गर्छ । त्यसबाट बच्न र बचाउन संसारमा शान्ति सधैँ आवश्यक छ । शान्ति धर्मकै एउटा अङ्ग वा पक्ष हो । यसबाट आज पनि संसारमा धर्मको आवश्यकता प्रमाणित भइरहेको छ । सबैका लागि आवश्यक धर्मको सर्वोपरि महत्त्व र हेको छ ।

शब्दार्थ

पाप	=	नराम्रो काम
सुसञ्चालन	=	राम्ररी सञ्चालन गरिएको
राक्षसी	=	राक्षसमा हुने वा रहने
ईर्ष्या	=	अरूको राम्रो देखेर भित्रभित्र भुट्भुटिनु
द्वेष	=	अरूप्रति राखिने खराब भावना

क्रियाकलाप

१. कक्षाका सबै विद्यार्थी दुई समूहमा विभाजित होऊ । एक समूहले अहिंसाबाट हुने लाभ र अर्को समूहले हिंसाबाट हुने हानिहरूको सूची बनाई कक्षामा प्रस्तुत गरेर त्यसबारे छलफल पनि गर ।

१. कोष्ठकका सबैभन्दा उपयुक्त शब्द राखी खाली ठाउँ भरः

(क) संसारमा पाप मात्र हुँदो हो त हाम्रो ..... रहने थिएन । (जीवन/अस्तित्व/नाम)

(ख) धर्म पनि एउटा ..... हो । (ऐन/नियम/व्यवस्था)

(ग) वचन सत्य, प्रिय र ..... हुनुपर्छ । (शिष्ट/मधुर/आलङ्कारिक)

(घ) मनले नराम्रो चिताउनु ..... हिंसा हो । (शारीरिक/मानसिक/वचनगत)

(ङ) मानिसका लागि शान्ति ..... को स्रोत हो । (सुख/सम्पत्ति/सहनशीलता)

२. मानिसको अस्तित्व नभए संसारको सार्थकता किन हुँदैन ? लेख ।

३. वचन सत्य भएर पनि मधुर र प्रिय भएन भने के हुन्छ ? लेख ।

४. व्यक्ति र देशको विकासका लागि शान्ति किन आवश्यक हुन्छ ? कारण देऊ ।

सिर्जनात्मक अभ्यास

सत्यको पक्षमा लाग्नेले सुख पाएको र असत्यको पक्ष लिनेले दुःख पाएको विषयवस्तु समावेश गरी एउटा छोटो कथा लेख ।

सारांश

एकाइ चारमा तिमीले निम्नलिखित कुराहरू सिक्यौः

- धर्मका साझा मूल्यमान्यता ठम्याउन,
- सत्य बोल्न, सबै प्राणीप्रति अहिंसाको भावना बढाउन र सदाचारी हुन,
- अशक्त, र असहायलाई सहयोग गर्न ,
- सन्तोषी हुन र अरूप्रति क्षमाशील र सहिष्णु हुने बानी बसाल्न,
- सादा र सरल जीवन बिताउने प्रयास गर्न,
- महान् विचार राख्न,
- धर्मको महत्त्व बताई यसको पालनामा तत्पर रहन,
- शान्ति स्थापनामा सक्दो सहयोग गर्न,
- अरूप्रति ईर्ष्या र द्वेषको भावना हटाउन र शान्त जीवन बिताउन ।

एकाइ - ५

नैतिकता

पाठ एक

नैतिक गुण

भाइबहिनी हो !

मैले तिमीहरूलाई विभिन्न विषयमा प्रवचन दिइरहेको छु । तिमीहरूले मैले भनेका कुरालाई ध्यान दिएर सुनेका छौ र व्यवहार मा उतार्ने प्रयास पनि गरेका छौ । यसबाट मलाई निकै खुसी लागेको छ र तिमीहरूलाई अझ नयाँनयाँ कुरा सुनाउन र सिकाउन जाँगर पनि चलेको छ । सुनेका र पढेका राम्रा कुराहरू व्यवहारमा उतार्न सकियो भने मात्र सार्थकता रहन्छ । म आज नैतिक गुणहरू भन्ने विषयमा प्रवचन दिन आएको छु ।

आजभोलि मानिसहरू नैतिकता र अनैतिकतालाई आआफ्नो किसिमले अर्थ्याउने गर्दछन् । अनैतिकहरू पनि आफूलाई अनेक तरहले नैतिक नै छु भन्ने गर्दछन् भने वास्तविक नैतिकहरू अनैतिकलाई सधैं अनैतिक नै मान्दछन् । कसैकसैले नैतिक गुणहरू व्यक्तिको चेतना र संस्कारमा भरपर्ने कुरा हुन् भन्ने गरेको पनि सुनिन्छ । तर यस्ता कुरा गरेर वा सुनेर मात्र नैतिक गुणहरूको विकास हुने होइन ।

नैतिक गुणहरूभित्र केके पर्दछन्, यस विषयमा तिमीहरूलाई केही बताउँछु । यसमा पर्ने एउटा गुण दया हो । दया आफ्ना प्रियजनमा मात्र देखाइने वस्तु होइन । संसारका सबै प्राणीप्रति दयाको भावना राख्नुपर्दछ । अर्काको दुःख र पीडा देखेर आफू पनि दुःखित र पीडित भई सक्दो सहयोग गर्नु दया हो ।

विनम्रता नैतिक गुणमा पर्ने अर्को महत्त्वपूर्ण पक्ष हो । सबैप्रति नम्र हुनु, कसैप्रति रुखो र घमन्डी व्यवहार नगर्नु विनम्रता हो । जसले राम्रो ज्ञान वा विद्या आर्जन गरेको छ त्यो विनम्र हुन्छ । तिमीहरूले प्रकृतिबाट पनि विनम्रताको शिक्षा पाउँदछौ । फलफूलले भरिएको रूखको हाँगो झुकेको हुन्छ, तर सुकेको रूख सधैं ठाडो हुन्छ । यसलाई हाम्रा कविशिरोमणि लेखनाथ पौड्यालले कति राम्रोसँग भनेका छन्:

उपकारी गुणी व्यक्ति निहुरन्छ निरन्तर ।
फलेको वृक्षको हाँगो नझुकेको कहाँ छ र !

सहनशील हुनु पनि नैतिक गुण हो । यसको अर्थ अर्काले जतिसुकै अन्याय गरे पनि सहेर बस्नु भन्ने होइन । सानासाना कुरामा मनमुटाव र झैझगडा नगरी सबैप्रति राम्रो भावना राखी शान्त भएर बस्नु सहनशीलता हो । तिमीहरू पृथ्वीलाई हेर जसले जेजे गरे पनि सधैँ सहेर बसिरहेको देखिन्छ । जसरी आमा आफ्नो बच्चाले जेजे गरे पनि सहन्छिन्, उसलाई माया नै गर्दछिन् , यसरी नै बस्न सक्ने क्षमता सहनशीलता हो । पृथ्वीमा यस्तो गुण भएकाले हामीले उनलाई पृथ्वीमाता वा धर्तीमाता भन्ने गरेका हौँ ।

नानी हो !

एकछिन चुपचाप लागेर, धैर्य गरेर मेरा कुरा सुन । किनभने संयम र धैर्य पनि नैतिक गुण नै हुन् । मनमा जे आयो त्यही नगरी बुद्धिविवेक लगाएर, सोचविचार गरेर मात्र कुनै पनि प्रकारको प्रतिक्रिया जनाउनु संयम हो । बोलीवचन, व्यवहार, खानपान सबैतिर संयमको महत्त्व छ । धैर्य पनि ज्यादै आवश्यक छ । आपत्ति वा विपत्तिमा एकनास रहनु धैर्य हो । यसलाई धर्मको एउटा लक्षण बताइएको छ । धैर्यशील मानिस न्यायको मार्गबाट कहिल्यै चुक्दैन र ऊ अनैतिक पनि हुँदैन ।

हामीले अरूलाई हरतरहले सहायता पुऱ्याउनुपर्छ । आफूलाई पर्दा अरूले र अरूलाई पर्दा आफूले सहयोग नपुऱ्याउने हो भने समाजमा बस्नुको कुनै अर्थ रहँदैन । यसरी परस्पर सहयोग गरेर बस्नु पनि नैतिक गुण हो । तिमीहरूले पनि साथीसाथीबीच सहयोग गरेर बस्न सिक्नुपर्दछ । सहयोगी बन्ने बानीले मानिसलाई सधैँ सन्मार्गतर्फ प्रेरित गर्दछ ।

नैतिक गुणमा पर्ने अरू पनि कुराहरू छन् । समाजका विभिन्न वर्गको सेवा गरेर पनि नैतिक गुणको विकास गर्न सकिन्छ । आफ्नो सम्पूर्ण धनसम्पत्ति समाजसेवामा अर्पण गर्ने मानिसहरूको नैतिक बल सधैँ उच्च हुन्छ । उनीहरू सबैबाट सम्मान पाउँछन । उनीहरूलाई अन्तरराष्ट्रियस्तरका पुरस्कार पनि प्राप्त हुन्छन् र देशको प्रतिष्ठासमेत बढ्दछ ।

हामीले सधैँ सभ्य व्यवहार गर्न सिक्नुपर्दछ । मानिसको व्यवहारबाट उसको कुलघरान, समाज, देश र परिवेशको जानकारी पाइन्छ । राम्रो संस्कार र सङ्गत पाएका मानिसको व्यवहार सभ्य हुन्छ । त्यस्ता मानिसको सङ्गतबाट सबै कुरा पाइन्छन् भन्ने भनाइ पनि प्रचलित छ ।

व्यक्ति र समाजमा सभ्यता कायम राख्नका लागि आपसी सम्बन्धलाई पनि बलियो बनाउनुपर्दछ । व्यक्तिले परिवार र समाजसँग, राष्ट्रले अर्को राष्ट्रसँग सम्बन्ध स्थापित गर्दै आफूलाई सभ्य र सामाजिक बनाउँछन् । संसारलाई नै मित्रहरूको घर ठानेर व्यवहार गर्ने बानीले आपसी सम्बन्ध बढाउन सहायता गर्दछ । यसलाई पनि नैतिक गुणभित्र समावेश गर्न सकिन्छ । आजलाई यत्ति मात्र । अरू अर्को समयमा सुनाउनेछु ।

शब्दार्थ

क्षमाशीलता = अरूलाई क्षमा दिने गुण
सन्मार्ग = राम्रो बाटो

शब्दार्थ

१. नैतिक गुणहरूको विकास गर्न विद्यार्थीहरूले आपसमा गर्नुपर्ने व्यवहारबारे साथीहरूबीच छलफल गरी त्यसबाट निस्केका कुराहरूलाई सूचीकृत गरी प्रस्तुत गर ।

अभ्यास

१. निम्नलिखित भनाइहरू ठीक भए (√) र बेठीक भए (X) चिह्न देऊ :

(क) अनैतिकहरू आफूलाई अनैतिक नै ठान्दछन् ।

(ख) आफ्नो धर्म, सम्प्रदाय वा जातिको आचारविचारबाट अलग नहुनु नीति हो ।

(ग) नैतिक आचरण हुनेमा दयाको भावना हुन्छ ।

(घ) पृथ्वीलाई माता भन्नु बेठीक हो ।

(ङ) समाजसेवीलाई सम्मान र पुरस्कार दिनुपर्छ ।

२. आजभोलिका मानिसहरू नैतिकता र अनैतिकतालाई कसरी चिनाउँछन ? स्पष्ट पार ।

३. दया कसप्रति देखाउनुपर्दछ ? स्पष्ट गर ।

४. जन्म दिने आमा र धर्तीमातामा कुन कुरामा समानता छ ? लेख ।

५. मानिसमा धैर्य नहुने हो भने के हानि हुन्छ ? लेख ।

६. समाजमा परस्पर सहयोग गरेर बस्न किन आवश्यक छ ? कारण खुलाऊ ।

७. साथीसाथीबीच हुने सहयोगबाट पाइने फाइदाबारे लेख ।

सिर्जनात्मक अभ्यास

विद्यालयका विद्यार्थीहरूलाई एक जना महात्माले "विद्यार्थी र उनीहरूको कर्तव्य" शीर्षकमा दिने प्रवचन कार्यक्रमको आयोजना गरी त्यसको मूल्याङ्कन विद्यार्थीबाटै गराई उत्कृष्ट विद्यार्थीलाई पुरस्कृत गर्नुहोस् ।

स्वस्थ दिनचर्या

बाबु : ल हेर, यो त अझै उठेको रहेनछ । सात बजिसक्यो । विद्यार्थीले पनि यस बेलासम्म सुतिरहनु हुन्छ त ? तिमी साह्रै अल्छी हुने भयौ !

छोरा : भरखर सात त बज्यो नि ! अब आधा घण्टा सुत्न दिनुस् न, अनि त उठिहाल्छु नि ! यति सबेरै किन उठ्नु ?

बाबु : सात बजेलाई पनि सबेरै भन्ने ? यो त धेरै ढिला भइसक्यो । बिहान अबेरसम्म सुत्यौ भने रोगी होउला नि, विचार गर ।

छोरा : बिहान अबेरसम्म सुत्ने रोगी हुन्छ र बुबा ? मेरा साथीहरू त धेरै सुत्यो भने मोटाइन्छ, रोगी भइँदैन भन्छन् नि !

बाबु : कसले भन्यो तिमीलाई धेरै सुत्ने मानिस मोटाउँछ भनेर ? त्यस्तो मानिस त झन् अल्छी र रोगी पो हुन्छ । धेरै सुत्नु स्वस्थ दिनचर्याको लक्षण कदापि होइन ।

छोरा : स्वस्थ दिनचर्या भनेको के हो त बुबा ?

बाबु : स्वास्थ्यलाई हानि नपुग्ने दैनिक कामहरू गरेर जीवन बिताउने तरिका स्वस्थ दिनचर्या हो । हाम्रा प्रत्येक दिनका कियाकलाप स्वास्थ्यसँग गाँसिएका हुन्छन् । आफूले आफैँलाई स्वस्थ राख्ने कि नराख्ने भन्ने कुरा आफ्नै क्रियाकलापमा भर पर्दछ । बिहान छिट्टै उठ्दा स्वस्थ भइन्छ भने ढिलो उठ्दा रोगी । अब तिमी यसमा आफैँ विचार गर ।

छोरा : बिहान छिटो भनेको कति बजे हो त बुबा ?

बाबु : हेर बाबु, सूर्योदय हुनुभन्दा लगभग डेढ घण्टा पहिले हामी सबै उठिसक्नुपर्दछ । यस समयमा सुतिरहनेको स्वास्थ्य त खराब भइ नै हाल्छ, साथै अलिकति कमाएको पुण्य वा धर्म पनि नाश हुन्छ ।

छोरा : स्वस्थ दिनचर्याका लागि अरू केके गर्नुपर्छ त बुबा ?

बाबु : हाम्रो जीवनमा आरोग्य वा निरोगिता सबैभन्दा महत्त्वपूर्ण कुरा हो । "आरोग्यमूलमुत्तमम्" (आरोग्य जीवनमा सबैभन्दा मुख्य कुरा हो) भनिएको छ । सुत्ने वा उठ्ने समय मात्र नभई हाम्रो खानपान, आचारविचार, व्यवहार, बोलीवचनको पनि स्वास्थ्यसँग निकटको सम्बन्ध रहेको हुन्छ । तिनमा विचार पुऱ्याउन सक्दा मात्र हामी स्वस्थ बन्न सक्दछौँ । स्वस्थ रहन शारीरिक र मानसिक दुवै रूपबाट ठीक हुनुपर्दछ । वास्तवमा भन्ने हो भने हरेक क्षण स्वास्थ्यमा ध्यान दिनुपर्दछ । दिनको एकपटक शारीरिक व्यायाम गर्नाले पनि शरीर निकै स्वस्थ रहन्छ । कुरा नबुझेर वा जान्ने मानिसको भनाइमा विश्वास नगरे र आजभोलि धेरैले दुःख पाइरहेका छन् । पहिलेका मानिसहरू यिनै कुरामा विचार पुऱ्याएर लामो समयसम्म स्वस्थ रहन्थे ।

छोरा : हामीलाई रोग लाग्ने मुख्य कारणहरू केके हुन् त बुबा ? त्यो पनि बताइदिनुहोस् न !

बाबु : तिमीले यस विषयमा जान्न चाहेकोमा मलाई खुसी लागेको छ । आज म रोग लाग्ने

कारणहरूका विषयमा एउटा स्वास्थ्यसम्बन्धी शास्त्रमा उल्लेख गरिएको सूत्रका केही अंश बताउँछु । तल लेखिएका अवस्थामा हाम्रो शरीर अस्वास्थ र रोगी हुन जान्छ :

१. पानी नखानाले
२. जथाभावी खानेकुरा खानाले
३. दिउँसो सुत्नाले
४. राति नसुत्नाले
५. लामो समयसम्म दिसा नगर्नाले र ६. पिसाब रोक्नाले रोग लाग्दछ ।

यी छओटा कुरामा ध्यान पुऱ्याए स्वस्थ दिनचर्या हुन्छ ।

छोरा : खानपान, विचार र स्वास्थ्यका बीच हुने सम्बन्धमा अझै केही बताइदिनुहोस् न त !

बाबु : खानपानअनुसार हाम्रो विचार बन्दछ । स्वस्थ खानपानले स्वस्थ विचार बन्दछ भने अस्वस्थ खानपानले नराम्रो वा अस्वस्थ विचार पैदा हुन्छ । त्यस्तो विचारले हामीलाई अस्वस्थ नै बनाउँछ । बिग्रेको, कुहेको बीउ छरेको वा रोपेको छ भने बिरुवा पनि रोगी उम्रन्छ । त्यसले फलफूल दिन सक्दैन । मानिसको नराम्रो विचार र स्वास्थको बीच पनि यस्तै सम्बन्ध हुन्छ । स्वास्थ्यलाई ठीक राख्ने हो भने विचारलाई ठीक राख्नुपर्छ र विचार राम्रो राख्ने भए खानपान पनि स्वस्थ्य र राम्रो हुनुपर्छ । अरू दैनिक क्रियाकलाप पनि ठीक हुनुपर्छ ।

छोरा : स्वस्थ दिनचर्याका लागि उठ्ने र सुत्ने बेलामा पनि कुनै खास काम गर्न आवश्यक छ कि बुबा ?

बाबु : बिहान ब्युँझने बित्तिकै र बेलुका निदाउने बेलामा पनि ईश्वरको सम्झना गर्नाले मानसिक स्वास्थ्य रक्षामा सहयोग पुग्दछ ।

छोरा : ईश्वरको सम्झना गर्दा स्वास्थ्यरक्षामा कसरी सहयोग हुन्छ र ?

बाबु : ईश्वरको सम्झनाले मनमा शान्ति हुन्छ । नराम्रा विचारहरू हराएर जान्छन् । शान्ति र राम्रा विचारले स्वास्थ्यरक्षामा सहयोग पुग्न जान्छ । शान्तिको अनुभव गर्नु पनि स्वास्थ्यकै लक्षण हो ।

छोरा : मलाई बुबाको सबै कुरा चित्त बुझ्यो । भोलिदेखि बिहान सबेरै उठेर ठीकठीक समयमा गर्नुपर्ने काम गरेर स्वस्थ हुन्छु । स्वस्थ रहन कसलाई मन लाग्दैन र ! यस्ता राम्रा कुरा आज स्कुल गएर साथीहरूलाई पनि सुनाउँछु ।

लक्षण = चिह्न, सङ्केत
पुण्य = राम्रो काम, धर्म
आरोग्य = रोग नलागेको अवस्था

क्रियाकलाप

१. स्वस्थ दिनचर्याका लागि तिमीले बुझेका अन्य विषयहरू टिपोट गर र तिनलाई तिमी कुनकुन समयमा कसरी पूरा गर्न सक्दछौ ? एक अनुच्छेदमा लेख ।

अभ्यास

१. निम्नलिखित प्रश्नहरूको एकएक वाक्यमा उत्तर देऊ :

(क) धेरै सुत्ने मानिस कस्तो हुन्छ ?

(ख) बिहान कतिखेर उठ्नु राम्रो हुन्छ ?

(ग) स्वास्थ्यसँग सम्बन्ध भएका विषयहरू केके हुन् ?

(छ) स्वास्थ्यलाई ठीक राख्न के गर्नुपर्छ ?

२. छ प्रकारको अवस्थामा रोग लाग्दछन् भनिएको छ । त्यसबाहेक रोग लाग्ने अरू पनि कारणहरू हुन सक्छन् । तिमीले जानेका थप कारणहरू उल्लेख गर ।

३. विद्यार्थी र अन्य स्वस्थ मानिसले बिहान सबेरै उठ्नु ठीक हो । तर रोगी, अशक्त र वृद्धवृद्धाका लागि पनि यही नियम लागू हुन्छ कि हुँदैन ? तर्क दिएर एउटा अनुच्छेद लेख ।

४. गाउँमा पनि रोगीहरू भेटिन्छन् र सहरमा पनि तिनीहरूको सङ्ख्या बढिरहेको छ । यसको मूल कारण के होला ?

५. पहिलेपहिले अहिलेको जस्तो औषधि र उपचारको व्यवस्था थिएन, तर पनि मानिसहरू धेरै समयसम्म बाँच्दथे । यस विषयमा तिमीले जानेबुझेका कारणहरू उल्लेख गर ।

सिर्जनात्मक अभ्यास

स्वस्थ र अस्वस्थ दिनचर्या भएका दुई साथीबीचको संवाद तयार पारी दुई साथीले पढेर सुनाऊ ।

पाठ तीन

जस्तो काम उस्तै परिणाम

कुनै गाउँमा शिवदास नाम गरेको एक जना अत्यन्त गरिब मानिस बस्दथ्यो । उसकी एउटी छोरी थिई । उसको विवाह गर्ने बेला भएको थियो । तर शिवदाससँग छोरीको विवाह गरिदिने पैसा थिएन । ऊ चिन्तित बन्यो । शिवदास प्रवचन गर्न जान्दथ्यो । उसले धेरै ठाउँमा प्रवचन गरिसकेको पनि थियो । एक दिन उसले विचार गऱ्यो, मन्दिरको छेउमा बसेर प्रवचन गरेँ भने धेरै श्रोता आउँछन्, तिनीहरूले दिएको पैसाले छोरीको विवाह भई नै हाल्छ ।

यही विचारले ऊ मन्दिरको छेउमा बसेर प्रवचन गर्न थाल्यो । प्रवचन सुन्न अलिअलि श्रोता पनि आउन थाले । तर सोचेजति पैसा भने जम्मा भएन । शिवदासको चिन्ता हटेन ।

एक जना अत्यन्त कन्जुस व्यापारी थियो । उसले व्यापारबाट धेरै पैसा कमाएको थियो । ऊ पनि एक दिन त्यसै मन्दिरमा आएर परिक्रमा गर्न थाल्यो । त्यसै बेला मन्दिरभित्र दुई जना मानिसले कुरा गरे जस्तो सुनियो । व्यापारीले कान थापेर कुरा गरेको सुन्यो । भगवान् श्रीराम हनुमानसँग कुराकानी गरिरहेका थिए । उनले हनुमानलाई शिवदासका लागि छोरीको विवाह गर्न एक हजार रुपियाँको व्यवस्था गरिदिनू भनी अह्राए । हनुमानले त्यो रुपियाँ जुटाउने प्रतिज्ञा गरे । व्यापारीले यो सबै कुरा सुन्यो । त्यस दिनको प्रवचन सकिएपछि व्यापारी शिवदाससँग भेट गर्न गयो । उसले भन्यो, "के छ शिवदासजी, पैसा कत्तिको जम्मा भइरहेको छ त ?"

शिवदासले भन्यो, "धेरै श्रोता नै आउँदैनन् । अलिअलि मात्र श्रोताबाट के को पैसा जम्मा हुनु नि !" शिवदासको कुरा सुनेर व्यापारीले एउटा सर्त राख्यो । "प्रवचनमा जति पैसा उठ्छ त्यो सबै मलाई दिनुहोस् । त्यसको बदला म तपाईलाई पाँच सय रुपियाँ दिन्छु ।" त्यो सर्त दुवैले माने । शिवदासले सोच्यो, प्रवचनबाट त्यत्रो रुपियाँ नै उठ्दैन, व्यापारीको पाँच सय रुपियाँ त पाइहालिन्छ ।

शिवदास पैसा पाइने भयो भनेर खुसी भयो । उता व्यापारीको दाउ अर्कै थियो । हनुमानले शिवदासलाई हजार रुपियाँ दिइहाल्छन्, त्यो मेरो हात पर्छ । त्यसबाट पाँच सय रुपियाँ शिवदासलाई दिएँ भने पनि बाँकी पाँच सय रुपियाँ त मेरै हुन्छ भन्ने उसको सोचाइ थियो । एक हप्तापछि सम्पूर्ण प्रवचन सकियो । व्यापारी शिवदासकहाँ आयो । उसले प्रवचनमा हनुमानबाट हजार रुपियाँ आएको आशा गरेको थियो । तर पैसा आएको थिएन । शिवदासले

भन्यो, "के गर्नु, साह्रै थोरैमात्र पैसा उठ्यो । सय रुपियाँ पनि भएन । कामै नहुने भयो ।" व्यापारीलाई अप्ठ्यारो पऱ्यो । उसको उद्देश्य पूरा भएन । उसले पहिले राखेको सर्तअनुसार शिवदासलाई पाँच सय रुपियाँ दियो । पाउनुको सट्टा उल्टै दिनुपऱ्यो । व्यापारी हनुमानसँग ज्यादै रिसायो । उसले सोच्यो, शिवदासलाई हजार रुपियाँ नदिएर हनुमानले भगवान् श्रीरामसँग सरासर झुटो बोलेछन् । व्यापारी मन्दिरमा गयो र रिसाएर उसले हनुमानको मूर्तिमा मुड्की बजाऱ्यो । तर आश्चर्यको कुरा उसको हात मूर्तिमा टाँसियो । व्यापारीले खुब बल गऱ्यो, तर हात छुट्टिएन । हनुमानले पक्रेको हात सजिलैसँग छुट्ने कुरा थिएन । त्यसै बेला व्यापारीले मन्दिरभित्र पहिले जस्तै दुई जनाले कुराकानी गरेको सुन्यो । भगवान् श्रीराम हनुमानसँग शिवदासलाई हजार रुपियाँ दिए वा नदिएको कुरा सोधिरहेका थिए । हनुमानले भने,"प्रभु पाँच सय रुपियाँ त दिलाएँ, बाँकी पाँच सय रुपियाँ दिलाउनका लागि व्यापारीलाई पक्रेर राखेको छु । पाँच सय रुपियाँ दियो भने तुरुन्त छोडिदिन्छु ।" हनुमानको कुरा सुनेर व्यापारी तर्सियो । उसले सोच्यो, मन्दिर आउने मानिसले मलाई देखे भने ठूलो बेइजती हुन्छ । यसरी टाँसिएर कति बस्नु ! अनि ऊ करायो, "प्रभु हनुमान, मलाई छोडिदिनुस् पाँच सय रुपियाँ तुरून्त दिन्छु ।" हनुमानले व्यापारीको हात छोडिदिए । उसले शिवदासलाई पाँच सय रुपियाँ दियो । शिवदासले पनि हजार रुपियाँ लिई घर गएर छोरीको विवाह गरिदियो ।

यस कथाले हामीलाई कामअनुसारको परिणाम भोग्नुपर्ने सन्देश दिएको छ । जो ज्यादा कन्जुस हुन्छ, ऊ पैसा वाहेक अरू केही सोच्दैन । ज्यादै लोभी हुँदा आफूसँग भएको धनसम्पत्तिसमेत गुम्न जान्छ । लोभ एउटा शत्रु हो । त्यसमा पनि पैसाका लागि गरिने लोभ ज्यादै खतरनाक हुन्छ । "न वित्तेन तर्पणीयो मनुष्यः" (पैसाले मानिसलाई तृप्त पार्न सकिँदैन) भन्ने भनाइ पनि यही कारणले प्रचलित भएको हो । लोभले लोभलाई नै बढाउँछ । अनावश्यक कुरामा खर्च नगर्नु लोभ होइन । आवश्यक काममा पनि खर्च नगर्नु लोभ हो । संसारमा लोभीहरूको नाम चल्दैन । उनीहरूको घरछिमेकमा उल्टै बदनामी हुन्छ । लोभ गर्नु नराम्रो काम भएकाले नराम्रै परिणाम भोग्नु पर्दछ भने दान, परोपकार राम्रो काम भएकाले तिनको राम्रै परिणाम हुन्छ । हामीले परिणाम विचार गरेर राम्रो काम नै गर्नुपर्दछ । सय वर्ष बाँचौं, सुख र सत्कर्मले बाँचौं भन्ने पूर्वीय आदर्शलाई अनुसरण गरेर हामी नराम्रो कामप्रति कहिल्यै लाग्नु हुँदैन ।

शब्दार्थ

प्रवचन = नैतिक र धार्मिक विषयमा दिइने व्याख्यान

पूर्वीय = एसियाली, नेपाल, भारत आदि देशसँग सम्बद्ध

क्रियाकलाप

१. धनसम्पत्ति सुखको आधार हो कि दुःखको भन्ने विषयमा कक्षाका विद्यार्थीहरू मिली वादविवाद प्रतियोगताको आयोजना गर ।

अभ्यास

१. कोष्ठकबाट सबै भन्दा उपयुक्त शब्द छानी खाली ठाउँ भरः

(क) शिवदास ..... सिपालु थियो । (पैसा कमाउन/प्रवचन गर्न/अरूलाई ठग्न)

(ख) व्यापारी ..... थियो । (चलाख/धूर्त/कन्जुस)

(ग) व्यापारीले हनुमानलाई ..... भन्ने ठान्यो । (बलियो/ढाँट/गफाडी)

(घ) व्यापारीले शिवदासलाई ..... रुपियाँ दिनुपर्‍यो । (पाँच सय/ /एक हजार/एक सय)

२. निम्नलिखित प्रश्नको उत्तर देऊ :

(क) व्यापारीमा लोभ बढ्नुको कारण के हो ?

(ख) व्यापारी र शिवदासका बीच के कुरामा सहमति भयो ?

(ग) यसकथाले दिएको मूल सन्देश के हो ?

३. लोभलाई किन शत्रु भनिएको हो ? कारणसहित व्याख्या गर ।

सिर्जनात्मक अभ्यास

धेरै लोभ गर्दा अप्ठ्यारोमा पर्न सकिने खालको सूचना तयार पारी सूचनापाटीमा टाँस ।

सारांश

एकाइ पाँचमा तिमीले निम्नलिखित कुराहरू सिक्यौः

- नैतिक गुणहरूको विकासका लागि तत्पर रहन,
- सबैसँग नम्र, सभ्य र शिष्ट व्यवहार गर्न तथा संयमी र धैर्यशील रहने बानीको विकास गर्न,
- समाजमा सहयोग र उपकार गर्न,
- परिणाम विचार गरेर काम गर्न र ज्यादा लोभ नगर्न,
- आफ्नो सांस्कृतिक मूल्य र आदर्शको पालना गर्दै सत्कर्ममा तल्लीन रहन ।

एकाइ - ६

सामाजिक मूल्य र मान्यता

पाठ एक

सामाजिक मूल्य र मान्यताको महत्त्व

दिवस : भोलि हाम्रो विद्यालयमा वक्तृवकला प्रतियोगिता हुन लागेको रहेछ नि ! तिमी पनि भाग लिने होइन अन्जना ?

अन्जना : नाइँ म त लिन्नँ, बोल्न त आउँदैन के भाग लिनु !

दिवस: त्यसो भनेर कहाँ हुन्छ त, बोल्दै गएपछि आउन थालिहाल्छ नि ! जे कुरा पनि सिक्दै गएपछि जानिने न हो ।

अन्जना : के विषयमा बोल्ने हो, त्यो पनि त थाहा हुनुपर्‍यो नि ! होइन र ?

दिवस : सरहरूले अस्ति नै भन्नुभएको 'सामाजिक मूल्य र मान्यताको महत्त्व' भन्ने विषयमा बोल्नुपर्ने अरे । मैले भाग लिनका लागि सरसँग नाम पनि लेखाइसकेँ । तिमी पनि आजै लेखाइहाल ।

अन्जना : ल भैगो, तिमीले भनेको मानेर भाग लिउँला । यस विषयमा तिमीले जानेका कुरा मलाई पनि भन न त ?

दिवस : हेर अन्जना, यो निकै गहिरो कुरा छ । मानिसहरू परस्परमा मिलेर, सहयोग गरेर एक ठाउँमा बसोबास गर्नुलाई समाज भनिन्छ । हरेक समाजमा आ-आफ्नै व्यवहार, रीतिस्थिति, संस्कार, विचार मूल्य एवम् मान्यताहरू हुन्छन् । यी सबै कुरालाई सामाजिक मूल्यमान्यता भन्ने गरिन्छ ।

अन्जना : सामाजिक मूल्यमान्यता भनेको त बुझेँ । यसको महत्त्व भनेको के हो नि ? यसको पनि कुनै महत्त्व हुन्छ र दिवस ?

दिवस : यसको ज्यादै ठूलो महत्त्व छ । मान्छेलाई समाजको आवश्यकता पर्नु नै यसको एउटा महत्त्व हो । सामाजिक मूल्यमान्यताबाट नै कुनै पनि समाजलाई अरूसँग परिचित हुन र विकास गर्न सहायता पुग्दछ ।

अन्जना : सामाजिक मूल्यमान्यताको महत्त्व बढाउने अरू कुरा पनि होलान् नि, तिनका बारेमा पनि अलिअलि बताऊ न त !

दिवस : सामाजिक सद्भाव र शिष्टाचारले समाजको महत्त्व बढ्दछ । सबैप्रति राम्रो भाव राख्नु सद्भाव हो भने सबैसँग सभ्य व्यवहार गर्नु शिष्टाचार हो । यिनले समाजलाई उन्नत बनाउँछन् । कुनै सामाजिक मूल्यमान्यतालाई हेरेर त्यो समाज राम्रोनराम्रो, सभ्य-असभ्य के हो भन्ने थाहा पाइन्छ । समाजलाई उठाउने र गिराउने साधन सामाजिक मूल्यमान्यता नै हुन् ।

अन्जना : हाम्रा सामाजिक मूल्यमान्यतामा अरू केके कुरा पर्दछन् नि ? त्यसबारे पनि भन न त !

दिवस : माता, पिता, गुरु र अतिथिको सम्मान र स्वागत-सत्कार पनि हाम्रा सामाजिक

मूल्यमान्यतामा पर्दछन् । हाम्रा शास्त्रहरूमा यिनको ठूलो महत्त्व बताइएको छ रे । मातापिताको उत्तिकै सेवा र सम्मान गर्नुपर्दछ । पिताभन्दा जन्म दिने माताको त अझ बढी महत्त्व रहेछ ।

अन्जना : यो त मातापिताको कुरा भयो । गुरु र अतिथिको सम्मान र सत्कारका विषयमा पनि त्यस्तै केही भनेको भए त्यो पनि भन न, मलाई त यो कुरा साह्रै राम्रो लाग्यो ।

दिवस : गुरुलाई ब्रह्मा, विष्णु र महेश तीनै देवता मानिएको छ । तिमीले नेपालीमा पनि 'जन्म दिने बाबुआमा, कर्म दिने गुरु' भन्ने भनाइ सुनेकै हौली । कर्म दिनु भनेको ज्ञान र विद्या सिकाएर कुनै पेसामा लगाइदिनु हो । गुरुले यस्तै काम गरिदिने भएकाले उनलाई देवता मानिएको हो । जसरी हामी आफूले मानेका देवताका विषयमा नराम्रो कुरा भन्दैनौँ त्यसरी नै गुरुका विषयमा पनि नराम्रो कुरा कहिल्यै भन्नुहुँदैन ।

त्यसैगरी अतिथिलाई पनि राम्रो स्वागतसत्कार गर्नुपर्छ । साँझको समयमा आएको अतिथि त देवता बराबर हुन्छ । हाम्रो समाजमा त्यस्ता अतिथिलाई जति दाना अन्न खुवायो मरेपछि त्यति वर्षसम्म स्वर्गको सुखभोग गर्न पाइन्छ भन्ने संस्कार रहेको छ । त्यसैले माता, पिता, गुरु, अतिथि सबैको सेवा, सम्मान र सत्कार पनि हाम्रा सामाजिक मूल्यमान्यताको महत्त्व बढाउने कुरा हुन् भन्ने बुझिराख ।

अन्जना : तिमीले त आज मलाई गजबको कुरा सुनायौ । अँ बूढाबूढी, अशक्त र बालबालिकाको सहयोग र परोपकार पनि हाम्रा सामाजिक मूल्यमान्यतामै पर्ने कुरा जस्तो लाग्यो मलाई, हो त दिवस ?

दिवस : हो, तिमीले ठीक भन्यौ । यस्ता वर्गलाई गरिने सेवा सहयोगले पनि सामाजिक मूल्यमान्यताकै महत्त्व बढाउँछन् । 'सेवा गरे मेवा पाइन्छ' भन्ने भनाइ नै छ । निःश्वार्थ सेवा गर्नुपर्दछ । सेवा गर्नु राम्रो काम हो । तर बाहिर देखावटीरूपमा सेवा गरेजस्तो देखाए पनि भित्री हृदयबाट सेवा गर्ने मानिस कमै हुन्छन् । यस्तै अर्काको हित हुने काम गर्नु परोपकार हो । 'परोपकार' 'पर' र 'उपकार' दुई शब्द मिलेर बनेको छ । 'पर' भनेको 'अरू' र 'उपकार' भनेको 'भलो' हो । यसको अर्थ अरूको भलो भन्ने हुन्छ । परोपकार गरे धर्म हुन्छ र अरूलाई दुःख दिए पाप हुन्छ । भनिएको पनि छ :

परोपकार : पुण्याय पापाय परपीडनम् ।

यसको अर्थ हो - परोपकार धर्म हो र अरूलाई दुःख दिनु पाप हो । यी सबै वर्गको

सेवा गरे आयु, कीर्ति, विद्या र बल बढ्छ भनिएको छ । हामी सधैँ यिनको सेवामा तत्पर रहनुपर्छ । यी कुराहरू पनि हाम्रा सामाजिक मूल्यमान्यतामा पर्दछन् ।

अन्जना : यस्तो काम गरेर हामीलाई अरू के फाइदा छ त दिवस ?

दिवस : सेवा, सहयोग र परोपकारबाट तत्कालका लागि प्रत्यक्ष रूपमा कुनै ठूलो फाइदा भए जस्तो नदेखिए पनि यस्तो कामको लेखाजोखा ईश्वरले राख्दछन् भन्ने कुरामा हामीले विश्वास गर्नुपर्दछ । सूर्यचन्द्र ईश्वरका दुई आँखा हुन् रे । त्यसैले हामीले गरेका सबै काम ईश्वरले जतिखेर पनि हेरिरहेका हुन्छन् । राम्रो काम गरे पुरस्कार र नराम्रो काम गरे दण्ड पाइन्छ भन्ने कुरा त तिमीले बुझेकै छ्यौ । हामीले पनि ईश्वरबाट पुरस्कार पाउनका लागि राम्रो काम नै गनुपर्छ । सेवा, सहयोग, परोपकार यस्तै राम्रा काम हुन् र हाम्रा सामाजिक मूल्यमान्यताका अभिन्न अङ्ग पनि हुन् । सेवाबाट सुख, शान्ति र आनन्द मिल्छ ।

अन्जना : मैले आज यस विषयमा धेरै कुरा बुझेँ । म पनि अब वक्तृत्वकला प्रतियोगितामा भाग लिन्छु । यस विषयमा सिकाइदिएकोमा तिमीलाई धेरैधेरै धन्यवाद !

शब्दार्थ

वक्तृत्वकला = बोलेर देखाइने खुबी, क्षमता वा कला
कीर्ति = प्रसिद्धि, सुनाम
लेखाजोखा = विवरण, हिसाबकिताब
अभिन्न = नछुट्टिएको

क्रियाकलाप

१. कक्षाका सबै विद्यार्थीहरू मिलेर छलफल गरी आगामी सरस्वती पूजाका दिन गुरुलाई सम्मान गर्ने कार्यक्रमको आयोजना गर ।

२. तिम्रो घरपरिवार, समाज वा विद्यालयमा बूढाबूढी, अशक्त र केटाकेटी होलान् । तिमी कस्तो व्यवहार गरेर उनीहरूको सेवा गरिरहेका छौ ? तिमीले गरेका त्यस्ता सेवाको विवरण तयार पारी कक्षामा पेस गर ।

अभ्यास

१. **निम्नलिखित प्रश्नहरूको एकएक वाक्यमा उत्तर देऊः**

(क) सामाजिक मूल्यमान्यता भनेको के हो ?

(ख) समाज भनेको के हो ?

(ग) गुरुलाई कुनकुन देवता मानिएको छ ?

(घ) सेवा कसरी गर्नुपर्दछ ?

(ङ) सूर्य र चन्द्रलाई ईश्वरका दुई आँखा मान्नुको मूल कारण के हो ?

२. **पाठमा उल्लेख गरेभन्दा बाहेक सामाजिक मूल्यमान्यतामा पर्ने तिमीले जानेका कुराहरू टिपोट गरी प्रस्तुत गर ।**

३. **तिम्रो घरमा कहिलेकाहीँ अतिथि आएका होलान् । उनीहरूप्रति तिम्रो परिवार र तिमीले गरेको व्यवहारबारे एक अनुच्छेद लेख ।**

४. **यो पाठ पढेपछि तिमीले कस्तो काम गर्ने र कस्तो काम नगर्ने विचार गरेका छौ ? दुवैखाले कामको तालिका बनाई प्रस्तुत गर ।**

५. **'गुरु ज्ञानका ज्योति हुन्' भन्ने विषयमा छोटो संवाद लेख ।**

६. **धर्म र पापको सङ्क्षिप्त परिचय देऊ ।**

७. **निम्नलिखित भनाइको आशय स्पष्ट पार :**

'परोपकार : पुण्याय पापाय परपीडनम् ।'

८. **तिमीले कुनै काम बिगारेकोमा मातापिता र गुरुले गाली गर्दा के गर्छौ ? एक विवरण तयार पार ।**

सिर्जनात्मक अभ्यास

मातापिताप्रति श्रद्धा र सम्मान गर्नुपर्छ भन्ने विषयमा गरिने प्रवचनको नमुना लेख ।

पाठ दुई

सामाजिक दुराचरण त्यागौं

भानु शिक्षासदन,
ओखलढुङ्गा
मिति २०६०/७/२१

परम पूजनीय आमाबुबामा,
साष्टाङ्ग दण्डवत् प्रणाम !

यहाँ मलाई आरामै छ । त्यहाँ पनि सबै परिवारमा आरामै होला भन्ने विश्वास गरेको छु । म त्यहाँबाट मामासँग यहाँ सजिलै आइपुगें । दसैं तिहारको लामो बिदा सकिएपछि अहिले विद्यालयमा जोडतोडले पढाइ चलिरहेको छ । पन्ध्र दिनपछि त्रैमासिक परीक्षा हुने भएकाले पढाइमा विशेष मिहिनेत गर्नुपरेको छ ।

अस्ति यहाँ आउँदा बाटामा एउटा घटना भयो । त्यसले मनमा नरमाइलो भइरहेको छ । दोबाटोमा रहेको धारानेर बसेर दुई समूहका मानिसहरू झगडा गरिरहेका थिए । एकथरी मानिस अर्काथरी मानिसलाई धाराको पानी छोएको विषयमा प्रश्न सोधिरहेका थिए । प्रश्न सोधिएका मानिसचाहिँ धारो सबैको भएकाले छोएको भन्ने जवाफ दिइरहेका थिए । उनीहरूका बीच चर्को विवाद भइरहेको थियो । ती मानिसको झगडा देखेर मलाई दुःख लागेको छ । हाम्री हजुरआमा मिस्री पनि पखालेर खाने गर्नुहुन्थ्यो । किन त्यसो गरेको भनेर सोध्दा अरूले छोएर बिटुलो भएको भन्ने जवाफ दिनुहुन्थ्यो । । अस्ति बाटामा देखेको घटनाले मैले हजुरआमाको कुरा सम्झें । मानिसमानिसका बीच छोइछिटोको चलन मलाई राम्रो लागेन । मलाई शिक्षाको अभावमा समाजमा यस्तो परिपाटी चले जस्तो लाग्यो । शिक्षा पाएर बुद्धिविवेक उदाउने हो भने मानिसले यस्तो व्यवहार गर्ने नै थिएन ।

हामीले सबैमा समान व्यवहार गर्ने, भेदभाव नगर्ने खालका चेतना फैलाएर छुवाछूत प्रथालाई अन्त्य गर्नुपर्ने रहेछ । यस्तो व्यवहार वास्तवमा सामाजिक दुराचरण हो । सामाजिक दुराचरणमा छुवाछुत मात्र नभई परस्परमा गरिने भेदभाव पनि पर्दछ । समाजमा धनी र गरिब, शक्तिशाली र असहाय आदि अनेक थरी मानिस बसोबास गर्दछन् । धनीले गरिबलाई र शक्तिशाली व्यक्तिले शक्तिहीन व्यक्तिलाई हेप्नु, भेदभाव गर्नु सामाजिक दुराचरण हो । परिस्थिति, घरायसी अवस्था, अवसर आदि कारणले कोही धनी र शक्तिशाली तथा कोही गरिब र शक्तिहीन हुनु स्वाभाविकै

हो । समाजमा भिन्नता नहुने कुरै छैन । तर त्यस्तो भिन्नतालाई बढाउने र त्यसै आधारमा व्यवहार गर्ने चलन ठीक होइन ।

जातीय आधारमा भेदभाव गर्नु पनि मलाई सामाजिक दुराचरण हो भन्ने लागेको छ । हाम्रो गाउँमा विभिन्न जातका मानिसहरू बसोबास गर्दछन् । उनीहरूले जातिअनुसार परम्परागत पेसा अपनाएका छन् । भिन्नभिन्न मानिसले भिन्नभिन्न पेसा अपनाएकै कारणले हामीले प्रत्येक दिनका आवश्यकता पूरा गर्न सकेका छौँ । मलाई मामाले भन्नुभएको, जन्मदा सबै मानिस निश्छल हुन्छन् रे । ठूलो भएपछि राम्रो काम गर्ने ठूलो र नराम्रो काम गर्ने सानो हुन्छ रे ।

यसरी मानिसलाई ठूलो र सानो भनेर भेदभाव गरेको मलाई अलिकति पनि मन परेको छैन । मैले पढाइ सकेपछि यही जातीय भेदभावका विरुद्ध अभियान चाल्ने अठोट गरेको छु । त्यसका लागि तपाईंहरूबाट सहयोग र आशीर्वादको आशा पनि राखेको छु ।

हाम्रो समाजमा छोरालाई एकथरी र छोरीलाई अर्को थरी व्यवहार गर्ने पनि चलन छ । जसरी हाम्रा दुई आँखा प्यारा छन् त्यसै गरी छोरा र छोरी पनि प्रिय छन् । यस्ता दुई वर्गका बीच गरिने असमान व्यवहारलाई लैङ्गिक भेदभाव भन्दछन् । यो पनि सामाजिक दुराचरणको अर्को रूप हो । आगामी शैक्षिक वर्षदेखि बहिनीलाई पनि हाम्रै गाउँको स्कुलमा भर्ना गरिदिनुहोला । उसले पनि मैले जति नै पढ्न पाओस् । मलाई यहाँआउनेबित्तिकै मामाले एउटा पुस्तक पढ्न दिनुभएको छ । त्यसमा नारीलाई भेदभाव गर्न नहुने बरू सम्मान र सुरक्षा गर्नुपर्ने कुरा लेखिएको छ । घर परिवारमा छोरा र छोरीबीच भेदभाव गर्न नहुने रहेछ । त्यसै गरी महिला र पुरुषबीच पनि भेदभाव गर्नु हुँदोरहेनछ ।

नारीलाई हेप्नु, भेदभाव गर्नु परमेश्वरलाई दुर्व्यवहार गरे जस्तो हुँदोरहेछ । मलाई आमाको मात्र महत्त्व हुन्छ भन्ने लागेको थियो । मामाले दिएको पुस्तक पढेपछि त सबै नारीको महत्त्व र हेछ भन्ने ज्ञान भयो । हरेक व्यक्तिभित्र आत्मा हुने र सो आत्मा सबैमा समान हुनेरहेछ । जातजाति, संस्कार, व्यवहार आदि सबै समाजले निर्माण गर्ने रहेछ । त्यसैले हाम्रो समाजमा हुने गरेका सबै खालका भेदभावहरू व्यक्ति र जातजातिका कारण नभई समाजको कारण हुने रहेछ । समाजमा गरिने भेदभावपूर्ण व्यवहारहरू सबैलाई सामाजिक दुराचरण भनिने रहेछ । यस्ता दुराचरणमा हामी कहिल्यै लाग्न नहुने ज्ञान मैले प्राप्त गर्ने अवसर पाए । समाजमा रहेका दुराचरण हटाउनेतर्फ हामी सबै एकजुट भएर लाग्नुपर्ने रहेछ भन्ने ज्ञान मलाई भएको छ । बहिनीलाई पनि मेरो सम्झना सुनाइदिनुहोला ।

उही प्यारो छोरा
सागर

शब्दार्थ

साष्टाङ्ग = आठ अङ्गसहित
दण्डवत् = लठ्ठी जस्तै पस्रेर
बिटुलो = अशुद्ध
दुराचरण = नराम्रो चालचलन
अभियान = निश्चित उद्देश्य प्राप्तिका लागि सक्रियतापूर्वक गरिने काम

क्रियाकलाप

१. सामाजिक छुवाछूतसम्बन्धी व्यवहार वा घटना तिम्रो टोलसमाजमा पनि हुन सक्छन् । त्यस्ता व्यवहार वा घटनाप्रति आफ्नो धारणा उल्लेख गर्दै तिनलाई हटाउन तिमीले गर्न सक्ने कामको तालिका बनाई पेस गर ।

२. कक्षाका सबै विद्यार्थीहरूले आआफ्ना आमाबुबा र अभिभावकहरूले जातीय भेदभाव हटाउन दिएका सुझावहरूको सङ्कलन गर र कक्षामा पालैपालो एक अर्कालाई सुनाऊ । प्राप्त सुझावहरूमध्ये सबैभन्दा राम्रो सुझावको सामूहिक रूपबाट छनोट पनि गरी कक्षामा टाँस ।

अभ्यास

१. निम्नलिखित प्रश्नहरूको सबैभन्दा उपयुक्त उत्तरमा ठीक (√) चिह्न देऊः

(क) के को अभावमा समाजमा छोइछिटोको चलन चलेको हो ?
(अ) सम्पत्ति (आ) शिक्षा (इ) स्वास्थ्य (ई) सञ्चार

(ख) कस्ता मानिसहरू सबैप्रति समान व्यवहार गर्दछन् ?
(अ) धनी (आ) गरिब (इ) प्रौढ (ई) ज्ञानी

(ग) छुवाछुत प्रथालाई केले रोकेको छ ?
(अ) मानिसले (आ) समाजले (इ) कानुनले (ई) इतिहासले

(घ) छोरा र छोरी के जस्ता प्यारा छन् ?
(अ) दुई हात (आ) दुई पाउ (इ) दुई कान (ई) दुई आँखा

(ङ) कल्याणप्राप्तिका लागि मानिस कस्तो हुनुपर्दछ ?
(अ) सन्तुष्ट (आ) असन्तुष्ट (इ) रिसाहा (ई) अल्छी

२. **निम्नलिखित प्रश्नको छोटो उत्तर देऊः**

(क) मानिसहरू धारानेर बसेर किन झगडा गरिरहेका थिए ?

(ख) धेरै पढेपछि समाजमा कस्तो व्यवहार गर्नुपर्छ ?

(ग) हामीले प्रत्येक दिनका आवश्यकता कसरी पूरा गर्न सकेका छौं ?

(घ) पत्रलेखकले पढाइ सकेपछि के गर्ने विचार गरेको छ ?

(ङ) लैङ्गिक भेदभावको उदाहरणसहित परिचय देऊ ।

(च) नारीप्रति गर्नुपर्ने व्यवहारबारे पाँच वाक्यमा लेख ।

(छ) व्याख्या गरः

छोरा छोरी दुवै बराबरी

सिर्जनात्मक अभ्यास

नारी र पुरुषबीच गरिने भेदभाव सामाजिक दुराचरण भएकाले त्यो त्याग्ने आग्रह गर्दै गाउँमा बस्ने हजुरबुबा हजुरआमालाई लेख्ने चिठीको नमुना तयार पार ।

पाठ तीन हाम्रो कलाकौशलको महत्त्व



(सरस्वतीपूजाको उपलक्ष्यमा शारदा माध्यमिक विद्यालयको फराकिलो हातामा वक्तृत्वकला प्रतियोगिताको आयोजना हुन लागेको छ । कार्यक्रमका सञ्चालक एक जना शिक्षक मञ्चको छेउमा गई बोल्न थाल्दछन् ।)

शिक्षक : प्यारा भाइबहिनी हो,

हाम्रो निमन्त्रणालाई स्वीकार गरी सबै अतिथिहरू आइसक्नुभएको छ । सभापतिज्यूको आज्ञाअनुसार अब म आजको वक्तृत्वकला प्रतियोगिताको प्रारम्भ गर्न लागिरहेको छु । तिमीहरूलाई थाहै छ, यसको विषय "हाम्रा कलाकौशलको महत्त्व" भन्ने राखिएको छ । यस विषयमा सर्वप्रथम भाइ रवि आफ्नो विचार व्यक्त गर्न आउँदै छन् ।

रवि : सभापतिज्यू, मान्य अतिथिवर्ग, निष्पक्ष निर्णायक मण्डल तथा मेरा प्रतिस्पर्धी साथीहरू,

"हाम्रा कलाकौशलको महत्त्व" भन्ने विषयमा आयोजित वक्तृत्वकला प्रतियोगितामा भाग लिन पाएकोमा ज्यादै खुसी लागेको छ । कलाकौशल राष्ट्रलाई विश्वमा चिनाउने वस्तु हुन् । ढुङ्गामाटो, नदीनाला, समुद्र, वन आदि त जुन देशमा पनि हुन्छन् , तर तिनबाट मात्र देशको सान र नाम चल्दैन । देश चिनाउन आफ्नो मौलिक राष्ट्रिय सम्पत्ति हुनुपर्छ । कलाकौशल राष्ट्रका मौलिक सम्पत्ति हुन् । यिनमा हाम्रो र हाम्रा प्रतिभाशाली पूर्वजहरूको सीप झल्किएको हुन्छ । कलाकौशलबाट देश, समाज रसंस्कृतिको झलक पाइन्छ । यस दृष्टिले हाम्रो देश संसारमै समृद्ध छ । यहाँका कलाकौशलको महत्त्व बुझेर नै मित्रराष्ट्रहरूबाट हजारौं पर्यटक प्रतिवर्ष यहाँ आउन गर्दछन् । यसबाट हाम्रो देशको नाम विश्वमा चम्किरहेको छ भने राष्ट्रिय अर्थतन्त्रको विकासमा पनि योगदान पुगिरहेको छ । यिनै कारणले हाम्रो कलाकौशलको अत्यन्त महत्त्व छ भन्ने प्रमाणित हुन्छ ।

शिक्षक : अब बहिनी अनामिका आफ्नो कला प्रस्तुत गर्दै छिन् ।

अनामिका : हाम्रो देशमा कलाको प्रयोग र प्रभाव नभएको कुनै क्षेत्र छैन । अरू देशमा पनि कलाकौशल हुन्छन्, तर तिनीहरू भन्दा हाम्रा कलाकौशलमा विशेष भिन्नता छ ।

त्यो भिन्नता भनेको हाम्रा कलाकौशलमा आध्यात्मिक भावनाको अभिव्यक्ति हुने गरेको छ । यिनमा कला, सीप वा प्रतिभा मात्र छैन । हाम्रो मौलिक जीवनदर्शनको छाप पनि छ । यिनमा सौन्दर्य व्यक्त भएको छ भने चिन्तनको मात्रा पनि विद्यमान छ । गहिरिएर विचार गर्दा हाम्रा कलाकौशल सुन्दर भईकन पनि चिन्तनमय भएकाले यिनको महत्त्व बढेको हो । हामी प्रायः प्राचीन मठ, मन्दिर र स्मारक स्थलहरूमा उत्कृष्ट कलाको नमुना पाउँदछौँ । हाम्रो देशलाई जान्नेसुन्ने मानिसले कला र देवालयको देश त्यसै भनेका होइनन् । साथीहरू, तपाईंहरूमध्ये कतिपयले पढ्नु वा सुन्नु भएको पनि होला । राष्ट्रकवि माधवप्रसाद घिमिरे भन्दछन्:

यो घामछाया र कलै कलाको
नेपाल हो देवल नौ तलाको ।



विदेशीहरूले नेपाललाई मन्दिरै मन्दिर भएको देश भनेर चिन्ने गर्दछन् । यसो हुनुमा हाम्रा कलाकौशल महत्त्वपूर्ण भएर नै हो । त्यसैले मलाई के लाग्छ भने हाम्रा कलाकौशलको संरक्षण गर्नु राष्ट्रियताकै संरक्षण गर्नु हो । राष्ट्रियताको महत्त्व कति छ भन्ने कुरा हामी सबैले बुझेकै छौँ ।

शिक्षक : अब आउँदै छन् भाइ वसन्त ।

वसन्त : हाम्रा कलाकौशलको महत्त्व बढाउने अरू पनि प्रशस्त कारण छन् । हाम्रो देशमा प्राचीन कालदेखि नै मानिसहरू कलासाधनामा जुटेका थिए । उनीहरूमा राम्रो भन्दा राम्रो कला प्रस्तुत गर्ने चाहना हुन्थ्यो । उदाहरणका लागि सानै उमेरमा अरनिकोले चीनमा समेत नेपाली कलाकौशलको आकर्षक नमुना प्रस्तुत गरे । त्यसबाट पनि यहाँका कलाकौशलप्रति विदेशीहरूको रुचि बढ्यो । हाम्रा कलाकौशलमा आध्यात्मिक भावनाका साथै सांस्कृतिक गौरव पनि झल्किने गरेको पाइन्छ । गएको जाडो बिदामा मलाई दाजुले काठमाडौँ, पाटन र भक्तपुरका कलाका दृष्टिले महत्त्वपूर्ण विभिन्न स्थलहरूका भ्रमण पनि गराउनुभयो । हामी चाँगुनारायण पनि गयौँ । ती स्थलहरूको आफैँले भ्रमण गरेपछि मलाई हाम्रा कलाकौशलको झन् बढी महत्त्व

थाहा भयो । काठमाडौँका श्रीपशुपतिनाथ र काष्ठमण्डप, पाटनको कृष्णमन्दिर, भक्तपुरका पचपन्नेझ्याले दरबार र चाँगुनारायण मन्दिर जस्ता कलात्मक स्थलहरूको निर्माण भविष्यमा हुन सक्ला वा नसक्ला भन्न गाह्रो छ । यिनले हाम्रा कलाकौशलको मात्र नभई राष्ट्रकै महत्त्व बढाएका छन् त्यसैले यिनीहरूको संरक्षण नगर्नु मलाई राष्ट्रकै संरक्षण नगरेसरह लाग्दछ ।

शिक्षक : यसपछि बहिनी रजनी आफ्नो विचार राख्दै छिन् ।

रजनी : हाम्रा कलाकौशलको महत्त्व छ भन्ने कुरामा कसैको पनि असहमति छैन । अहिले यिनीहरूको संरक्षण गर्नुपर्ने आवश्यकता बढी छ । राज्य वा सरकारले मात्र यिनको संरक्षण गर्छ भन्ने भावना हामीले कहिल्यै राख्नु हुँदैन । तपाई हामी नै यसका लागि खट्न सक्छौँ । हामी त्यस्ता महत्त्वपूर्ण स्थलमा थुप्रिएको फोहर उठाएर फाल्न सक्छौँ ! यति मात्र गर्दा पनि हाम्रा कलाकौशलको संरक्षणमा सहायता पुग्दछ । अर्को कुरा साथीहरू, हराएका बहुमूल्य कलाकौशलको खोजखबर पनि हुनुपर्छ । त्यस्ता वस्तुलाई ल्याएर यथास्थानमा राख्न सकियो भने तिनको महत्त्व झन् बढ्छ भन्ने मलाई लाग्दछ । जसरी हामी आफ्नो घर भत्किन, लड्न लाग्दा तुरुन्त मर्मत गर्दछौँ, घरको सामान हरायो भने उत्तिखेरै खोज्न थाल्दछौँ त्यसैगरी हाम्रा साझा सम्पत्ति कलाकौशलको संरक्षण र खोजीमा लाग्नुपर्छ । यो हामी सबै नेपालीको साझा कर्तव्य हो र कलाकौशलको महत्त्व बढाउने उपाय पनि हो ।

शिक्षक : आजको प्रतियोगिता सकियो । विजयी विद्यार्थीलाई बधाई छ । उत्साहित भई प्रतियोगितामा भाग लिएकोमा तिमीहरू सबैलाई धन्यवाद छ ।

शब्दार्थ

सान = गर्व, इज्जत
पूर्वज = हामीभन्दा पहिलेका मानिस
आध्यात्मिक = आत्मासम्बन्धी
जीवनदर्शन = जीवनको उत्पत्ति र अन्त्यसम्बन्धी विचार गर्ने दृष्टिकोण
कलासाधना = कलामा लागिरहने काम

शब्दार्थ

१. **तिमीले चिनेजानेको वा भ्रमण गरेको कुनै मठ, मन्दिर गुम्बा, विहार अथवा धार्मिक सांस्कृतिक महत्त्वको स्थलको चित्र बनाई प्रस्तुत गर ।**

अभ्यास

१. **निम्नलिखित भनाइहरू ठीक भए (√) र बेठीक भए (X) चिह्न देऊः**

(क) नदीनाला र ढुङ्गामाटोले पनि देश चिनिन्छ ।

(ख) कलाकौशलमा पूर्वजहरूको सीप झल्किन्छ ।

(ग) हाम्रा कलाकौशलको संरक्षणमा कसरी जुट्न सकिन्छ ?

(घ) कलाकौशलको संरक्षण नगरे पनि राष्ट्रको संरक्षण हुन्छ ।

(ङ) कलाकौशलको महत्त्व बढाउन विद्यार्थीवर्गबाट कुनै काम हुन सक्दैन ।

२. **निम्नलिखित प्रश्नहरूको उत्तर देऊः**

(क) देशलाई विश्वमा चिनाउन आवश्यक पर्ने कुरा के हो ?

(ख) हाम्रो देशमा हजारौँ पर्यटक किन आउँछन् ?

(ग) हाम्रा कलाकौशलको विकास कहाँदेखि कहाँसम्म भएको छ ?

(घ) राष्ट्रकविका विचारमा नेपाल कस्तो देश हो ?

(ङ) कलाकौशलको महत्त्व बढाउन विद्यार्थीले गर्नसक्ने काम के हुन सक्छ ?

(च) सबै नेपालीको कर्तव्य भनेको के हो ?

३. **व्याख्या गर**

नेपाल कलाकौशल र संस्कृतिको धनी देश हो ।

सिर्जनात्मक अभ्यास

कलाकौशलका प्रेमीहरूको सम्मेलनमा दिइने लिखित भाषणको नमुना तयार गर ।

सारांश

एकाइ छमा तिमीले निम्नलिखित कुराहरू सिक्यौः

- सामाजिक मूल्यमान्यताको महत्त्व बताउन र शिष्टाचार प्रदर्शन गर्न,
- मातापिता, गुरु, अतिथि र अन्य मान्यजनप्रति आदरसम्मान प्रकट गर्न,
- परोपकारका लागि तत्पर रहन,
- छुवाछुत विरुद्धमा आवाज उठाउन र कसैप्रति पनि भेदभाव नगर्न,
- समाजमा पुरुष र नारीको समान भूमिका बुझी नारीवर्गप्रति सम्मान प्रकट गर्न,
- राष्ट्रिय सम्पत्तिको सुरक्षा गर्न र कलाकौशलको संरक्षणमा सक्रिय रहन,
- नेपाली राष्ट्रियताको भावना अभिवृद्धि गर्न ।

कक्षा ७ को गीत

हिमाल बोल्छ, पहाड बोल्छ, तराई बोल्दछ - २
पहरा बोल्छ, छहरा बोल्छ, नेपाल बोल्दछ
हिमाल बोल्छ, पहाड बोल्छ, तराई बोल्दछ
उन्नत हामी सगरमाथा विश्वकै सिर हो - २
विश्वमा उच्च गौरव राख्ने नेपाली वीर हो
हिमाल बोल्छ, पहाड बोल्छ, तराई बोल्दछ - २
पहरा बोल्छ, छहरा बोल्छ, नेपाल बोल्दछ
हिमाल बोल्छ, पहाड बोल्छ, तराई बोल्दछ
पसिना देऊ, हृदय देऊ, उठाऊ नेपाल - २
तिमी नै आफू नउठेदेखि के उठ्छ हिमाल
हिमाल बोल्छ, पहाड बोल्छ, तराई बोल्दछ - २
पहरा बोल्छ, छहरा बोल्छ, नेपाल बोल्दछ
हिमाल बोल्छ, पहाड बोल्छ, तराई बोल्दछ
जनकको ज्ञान, सीताको शील, बुद्धको हृदय - २
नबिर्स आफ्ना पुर्खाको त्याग, साहस विजय
हिमाल बोल्छ, पहाड बोल्छ, तराई बोल्दछ - २
पहरा बोल्छ, छहरा बोल्छ, नेपाल बोल्दछ
हिमाल बोल्छ, पहाड बोल्छ, तराई बोल्दछ

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर ।

मुद्रकः- जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानो ठिमी, भक्तपुर ।

ISBN 99933-708-6-X
9 789993 370863